का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ असोज २०७९,
आइतबार
25 September 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २३२ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com




नागरिकता विधेयक

# शितलनिवाससँग मधेशमा आक्रोश

नागरिकता विधेयक रोक्ने राष्ट्रपति विद्यादेवी भण्डारीको कदमविरुद्ध मधेशमा बिभिन्न पक्षबाट आन्दोलन सुरु भएको छ । आन्दोलनकारीले नेताहरुलाई कालो झण्डा देखाउनेदेखि राष्ट्रपतिको राजीनामा समेत मागिररहेका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ असोज ।

शनिबार जनकपुरमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई जनता समाजवादी पार्टी (जसपा) र एकीकृत समाजवादीका कार्यकर्ताले कालो झन्डा देखाएका छन् । संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) को दुवै सदनबाट दुई दुईपटक पारित भएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरेपछि त्यसमा एमालेले समर्थन रहेको भन्दै ओलीलाई कालो झन्डा देखाएका हुन् ।

जसपाले राष्ट्रपतिविरुद्ध मधेसमा चरमबद्ध आन्दोलन घोषणा गरेको छ । धनुषाको विदेह नगरपालिकाको तिनकौरिया चोकमा आयोजना हुने कार्यक्रममा सहभागी हुन पुगेका ओलीले तिनकौरिया चोकस्थित कार्यक्रम स्थलसम्म पुग्नका लागि कडा सुरक्षाका बीच रेल यात्रा गरे ।

ओलीलाई कालो झण्डा देखाउने १२ जना पक्राउ परे । अध्यक्ष ओली जनकपुर विमानस्थलबाट बाहिरिने क्रममा उनलाई कालो झण्डा देखाएपछि उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । यसअघि भदौ २७ गते ओली जनकपुरधाम आउँदा पनि प्रहरीले पाँचजना युवालाई कालो झण्डा देखाउने प्रयास गरेका कारण नियन्त्रणमा लिएको थियो ।

नागरिकता विधेयक प्रमाणीकरणको माग गर्दै मधेश केन्द्रित दलहरू मधेसका जिल्लाहरूमा राष्ट्रपति विद्यादेवी भण्डारी विरुद्ध प्रदर्शन गरिरहेका छन् । यही क्रममा ओली जनकपुर पुग्दा कालो झण्डा देखाइएको हो ।

राष्ट्रपतिको कदमविरुद्ध मधेशका अन्य शक्ति पनि आन्दोलनमा छन् । सिके राउत नेतृत्वको जनमत पार्टीले राष्ट्रपति भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण नगरेको विरोधमा चरणबद्ध आन्दोलनको घोषणा गरेको छ । असोज ७ गते बसेको जनमत पार्टीको – बाँकी पृष्ठ २ मा

# अटेरी देउवा, आक्रोशित कोइराला

समानुपातिक तर्फको बन्दसूची नसच्याए विद्रोह गर्ने चेतावनी नेपाली कांग्रेसका संस्थापन इतर समूहले दिएको छ । यो समूहका नेता डा.शेखर कोइराला नेतृत्वको भेला गरेरै संस्थागत विद्रोहको चेतावनीसमेत दिइएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ असोज ।





सत्तारुढ दल नेपाली कांग्रेसभित्रको असहमति र विवाद सतहमै आएको छ । कांग्रेस नेता डा.शेखर कोइराला समूहले छुट्टै भेला बोलाएर पार्टीमा विद्रोह गर्ने चेतावनी दिएसँगै मतभेद छताछुल्ल भएको हो । कोइराला समूहले शनिबार खबरदारी भेला गरेर समानुपातिकको बन्दसूची सच्याउन र प्रतिनिधिसभाको टिकट वितरणमा अन्याय कायमै रहे विद्रोह गरेर जाने बताएको हो ।

'नेपाली कांग्रेसभित्र अहिले समान्तवाद मौलाएको छ । एकलौटी रूपमा टिकट दिएर सबैलाई जिताउने तागत छ भने दिए हुन्छ । होइन, भने सबैलाई न्याय गर्नुस् । हामी विनम्रतापूर्वक आग्रह गरिरहेका छौँ । सुनुवाई नभए विद्रोह गर्छौं', कांग्रेसका नेता गुरुराज घिमिरेले भने ।

पार्टीभित्रको स्वेच्छाचारिता नसच्चिए विद्रोह गर्नुको विकल्प नरहेको उनले बताए । गठबन्धनका नेता रिझाउन १८ घण्टासम्म सयम दिने, तर आफ्नै पार्टीका नेतालाई १८ मिनेट पनि समय नदिएको केही नेताको आरोप छ । त्यसो त, शेखर समूहले देउवा पक्षलाई पटक पटक सत्तागठबन्धनबाट बाहिरिनुपर्ने दबाव दिदैं आएको छ ।

'१०० सिट नलिए कसरी बहुमत ल्याउन सकिन्छ ?,' कोइरालाले भने, 'तर १०० सिट दिने पक्षमा सत्ता गठबन्धनका अरू दल छैनन् । १०० भन्दा कम सिट लिंदा त विद्रोह हुन सक्छ' कांग्रेस नेता शेखर कोइरालाले भने । उनले गठबन्धनकै कारण आकांक्षी नेता कार्यकर्ताको व्यवस्थापन जटिल भएको र समानुपातिक मत पनि घट्ने बताएका छन् ।

यसअघि पनि सभापति देउवाले पाँच वटा भ्रातृ संस्थामा नेतृत्व चयन गर्दा कोइराला समूहलाई नसमेटेको र पार्टी सञ्चालनमा पनि देउवा एकलौटी ढंगले अघि बढेको भन्दै कोईराला पक्षले छुट्टै बैठक बोलाएको थियो । अहिले पनि सभाति देउवा अहिलेकै शैलीमा निरन्तर अघि बढे अब समानान्तर गतिविधि गर्ने तयारीमा उक्त समूह जुटेको छ ।

'उहाँहरु सभापति देउवाको विरोध गर्ने आफू केही काम नगर्ने मात्रै हो, उहाँहरुको धम्कीले सभापति देउवा आफ्नो अडानबाट हलचल हुने मनस्थितीमा हुनुहुन्न, देउवा निकट एक केन्द्रीय सदस्यले भने ।

उनले कोइराला पक्षबाट आफ्नै सरकारलाई असहयोग भइरहेको बताएका छन् । सभापति देउवा पनि कोइराला पक्षलाई बाहिर राखेरै पार्टीदेखि सरकार सञ्चालनको काम गर्दै आइरहेका छन् । कोइराला पक्षको धम्कीलाई वेवास्ता – बाँकी पृष्ठ २ मा

# डा. केसीले तोडे अनशन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ असोज ।

डा. गोविन्द केसीले अनशन तोडेका छन् । सरकारसँग १० बुँदे सहमति भएपछि त्रिवि शिक्षण अस्पतालमा उपचाररत सरिता चौधरीको हातबाट जुस पिएर डा. केसीले अनशन तोडेका हुन् । ७ बुँदे मागसहित अनशनमा बसेका डा. केसीसँग सरकारको वार्ता टोलीका सदस्यहरूले शनिबार साँझ त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा पुगेर सहमतिपत्रमा हस्ताक्षर गरे । शनिबार दिउँसो पनि – बाँकी पृष्ठ २ मा

सरकारसँग १० बुँदे सहमति भएपछि त्रिवि शिक्षण अस्पतालमा उपचाररत सरिता चौधरीको हातबाट जुस पिएर डा.केसीले अनशन तोडेका हुन् ।



वैदेशिक रोजगार विशेष

# श्रम सहचारी उपाध्याय नै छानविनको घेरामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असोज



तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टले वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण निर्देशिका २०७५ जारी गरेपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तत्कालीन अध्यक्ष तथा हालका संयोजक विमलप्रसाद ढकालले टिप्पणी गर्दै भनेका थिए- 'अब दूतावास कर्मचारीहरू न्युयोर्क र लण्डनस्थित नेपाली दूतावास छोडेर खाडी र मलेसियाका दूतावासमा जान हानाथाप गर्नेछन् ।'

उक्त निर्देशिका जारी भएको केही समयपछि नै विश्वभर कोरोना भाइरसको माहामारी फैलिपछि करिब दुई वर्षको भूमिकाविहीन जस्तै – बाँकी पृष्ठ २ मा

## अभिमुखीकरण संस्थाहरुलाई विभागको चेतावनी

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले केही वैदेशिक रोजगार अभिमुखीकरण संस्थाले आफ्नो अनुगमनको कार्यलाई असहयोग तथा बाधा पुऱ्याएको भन्दै कारबाहीको चेतावनी दिएको छ ।

विभागले बिहीबार एक सूचना जारी गर्दै अनुगमनका लागि विभागले ९८५१३३४१०६ नम्बरको मोबाईल, ह्वाट्स एप र भाइबरबाट अभिमुखीकरण कक्षा सञ्चालन भइरहेको दृश्य देखाउन अनुरोध गर्दासमेत केही अभिमुखीकरण संस्थाका सञ्चालकहरूबाट विभिन्न कारण देखाई कक्षा सञ्चालनको दृश्य नदेखाउने, फोन कल रिसिभ नगर्ने जस्ता कार्य गरेर विभागलाई असहयोग गरी अनुगमनको कार्यलाई प्रभावित पार्ने गरेको – बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# दुर्घटना न्यूनीकरणका लागि 'टाइम कार्ड' लागू



**काठमाडौं/मस–** सरकारले चाडपर्वका बेला सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि 'टाइम काड' लागू गर्ने भएको छ। सवारी दुर्घटना रोकथाम तथा यातायातको सहज व्यवस्थापनका लागि आवश्यक निर्देशनसमेत दिने गरी बनेको समितिको बैठकले गन्तव्यस्थलमा छिटो पुग्ने बहानामा तीव्रगतिमा सवारी चलाउने प्रवृत्तिलाई निरुत्साहन गर्न टाइम कार्ड लागू गर्ने निर्णय गरेको हो । समितिले नेपाल प्रहरी, यातायात व्यवस्था विभाग तथा यातायात व्यवसायीको समन्वयमा राजमार्गमा स्थान पहिचान गरी टाइम कार्ड लागू गर्नेसहित विभिन्न १४ निर्णय गरेको छ। समितिका संयोजक गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा बसेको बैठकले चाडपर्वको समयमा सवारीसाधनको छतमा बसी यात्रा गर्न र झुण्डिएर यात्रा गर्न नदिने तथा त्यसका लागि आवश्यकतानुसार अनुगमन गर्ने निर्णय पनि गरेको छ ।

बैठकले हरेक सार्वजनिक सवारी साधनमा प्राथमिक उपचार किट, प्रहरी हटलाइन नम्बरलगायतका आवश्यक सूचना रहेको स्टिकर, दुर्घटना भएमा सङ्केत गर्ने वस्तु राख्ने र सवारीसाधन स्यानिटाइज गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ ।

चालकले अस्वाभाविक किसिमले सवारी चलाएमा गुनासो गर्न फोन नम्बर सार्वजनिक गर्ने र त्यस्तो गुनासो सुनी तत्काल परिचालित हुन सबै प्रहरी युनिटलाई निर्देशन दिने गरी आवश्यक व्यवस्था मिलाइने भएको छ ।

गृह मन्त्रालयका अनुसार यातायात व्यवस्था विभागबाट असोज ९ गते आइतबारदेखि मध्यम तथा लामो दूरीमा चल्ने सवारीसाधनको आधिकारिक बिक्रेता, ट्राफिक प्रहरी र यातायात व्यवसायीको समन्वयमा उपत्यकाका मुख्य-मुख्य स्थानमा यान्त्रिक परीक्षण गर्ने व्यवस्था मिलाइने भएको छ ।

सवारीसाधनको सहज सञ्चालनका लागि यातायात व्यवसायी महासङ्घका तर्फबाट प्रत्येक प्रदेश र जिल्लामा सम्पर्क व्यक्ति तोकेर फोन नम्बरसमेतको जानकारी नेपाल प्रहरीलाई उपलब्ध गराउने निर्णय पनि गरेको छ ।

बीमा नभएका सवारीसाधन दुर्घटना भएमा क्षतिपूर्ति दिन कठिनाइ हुने तथा मेकानिकल परीक्षण नभएका सवारीसाधनको बीच बाटोमा यान्त्रिक समस्याका कारण दुर्घटना हुने तथा यात्रु अलपत्र पर्न सक्ने सम्भावना भएकाले बीमा नभएका र मेकानिकल परीक्षण नभएका सवारीसाधनलाई रुट परमिट नदिइने भएको छ। त्यसका लागि यातायात व्यवस्था विभाग र सम्बन्धित प्रदेश कार्यालयले आवश्यक व्यवस्था मिलाउने छ ।

मादकपदार्थ र लागुपदार्थ प्रयोगको आकस्मिक जाँचको व्यवस्था मिलाउने र लागुपदार्थ प्रयोग गरेको सम्बन्धमा लागुऔषध नियन्त्रण ब्यूरोको मातहतका कार्यालयबाट टेष्ट किटको प्रयोग गरी जाँच गर्ने व्यवस्था मिलाइने जनाइएको छ ।

# भारतीय एसएसबी र सुपारी तस्करबीच झडप





**उमेश दुबे/मध्यान्ह**
पर्सा, ८ असोज

नेपाल र भारतको सीमा नाका हुँदै अवैध तरिकाले निर्यात भएको सुपारी भारतीय एसएसबीले नियन्त्रणमा लिएको छ ।

पर्साको सीमावर्ती क्षेत्र जानकी टोलाको दसौता नाका हुँदै भारततर्फ निर्यात भएको दुई वटा ट्याक्टरसहित एक पिकअप सुपारी भारतीय एसएसबीले नियन्त्रणमा लिएको हो ।

पर्सा जिल्ला लगायत विभिन्न जिल्लाहरुमा सुन र सुपारी तस्करीको धन्दा मौलाएको छ । पर्सा जिल्लाको सीमा नाका हुँदै प्रहरीकै मिलेमतोमा प्रति दिन करोडौंको तस्करी भइरहेको त्यहाँका स्थानीयहरु बताउँछन् ।

नेपालबाट भारततर्फ अवैध तरिकाले सुपारी निर्यात गर्ने गिरोहहरु सक्रिय भएपश्चात प्रहरीहरु आर्थिक प्रलोभनमा पर्ने गरेको पनि स्थानीयहरु बताउँछन् ।

नेपालबाट भारततर्फ लगिरहेको सुपारीको विषयमा भारतीय एसएसबीले जानकारी पाउनसाथ दुई वटा ट्याक्टर र एउटा पिकअपमा लोड रहेको सुपारी शुक्रबार राति पक्राउ गरेको हो ।

भारतीय एसएसबीले सुपारी पक्राउ गर्नसाथ तस्कर समुहले भारतीय एसएसबीमाथि आक्रमण नै गरेको स्थानीयहरुले बताएका छन् । तस्कर समुह र एसएसबीबीच भएको झडपमा एसएसबीतर्फ ३ जना घाइते भएका छन् भने एसएसबीले चलाएको गोली लागेर तस्कर समुहतर्फबाट एक जना घाइते भएका छन् । भारतीय सीमा सुरक्षाको लागि खटिने एसएसबीका माथिल्लो स्तरबाट जाँच बुझ गर्न टोली नै खटिएका छन् ।

सुपारी मात्र नभई पर्सा जिल्लाको सीमावर्ती क्षेत्र जानकीटोला, श्रीसिया, इनर्वा गाउ, पिडारी र मुल भन्सार हुँदै कपडा, भैंसी, हार्डवेयर, युनिलिबर जस्ता सामग्री पनि तस्करी भइरहेको पाइन्छ ।

पछिल्लो समय तस्करी बढ्दै गएका कारण यस विषयमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल संगठनका प्रमुखको ध्यान जान अति अवाश्यक रहेको स्थानीयहरु बताउँछन् ।

# दुई दिने पशुपालन व्यवसाय सुधार तालिम सम्पन्न

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, ८ असोज




समाजमा वातावरणीय शिक्षा सिड संस्थाको आयोजनामा बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिमममा रहेकाका लागि दुई दिने पशुपालन ब्यवसाय सुधार तालिम दंगिशरणमा सम्पन्न भएको छ । आईएम नेपालको सहयोगमा सञ्चालित तालिममा शान्तिनगर र दंगिशरण गाउँपाालिकाका २५ जना महिला दिदीबहिनीहरुको सहभागीता रहेको थियो ।

समाजमा वातावरणीय शिक्षा सिड संस्थाका कार्यक्रम संयोजक उमेश खरेलको अध्यक्षता, दंगिशरण गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष तथा दंगिशरण गाउँपालिका सामाजिक विकाश संयोजक रोशन जंग शाहाको प्रमुख आतिथ्यतामा तालिमको समापन गरिएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि शाहले पशुपालन ब्यवसायको तरिका बदल्नुपर्ने धारणा राखे ।

परम्परागत रुपमा गरीरहेको पशुपालन ब्यवसायलाई छोडेर सानो लगानी भएपनि ब्यवसायिक रुपमा पशुपालन गर्न सके आर्थिक लाभ लिन सकिने उनको भनाइ थियो । समुदाय संग स्थानीय सरकार सदैव साथमै रहेको बताउँदै उनले आफ्नो र वडाको तर्फबाट हुने सहयोग सदैव रहने बताए ।

सहभागिहरुले आफुहरुले गर्दै आएको ब्यबसायको तरिका थोरै परिवर्तन गर्न सके मनग्गे आम्दानी हुन सक्ने रहेछ भन्ने कुरा सिकेको बताएका छन्। आफुहरुलाई अनुदानसँगै तालिम समेत प्रदान गरेकोमा सिड संस्थालाई धन्यवाद दिँदै उनीहरुले सिकेका कुराहरु ब्यवहारमा उतार्ने र समुदायलाई समेत जानकारी गराउने धारणा राखेका छन् ।

सिड संस्थाले आईएम नेपालको सहयोगमा गत वर्ष ६ लाख ६० हजार रुपैयाँ महिला छलफल समूहमार्फत दंगिशरण र शान्तिनगरका बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिमममा रहेकाका समुदायका महिला दिदी बहिनिहरुलाई अनुदानको रुपमा प्रदान गरेको थियो भने यसबर्ष १ लाख ६० हजार रुपैयाँ थप गरेको छ। महिला समूहमार्फत मूल पुँजी घुम्ती कोषका रुपमा परिचालन गरिएको सिड संस्थाका कार्यक्रम संयोजक उमेश खरेलले जानकारी दिए ।

पशु सेवा शाखा दंगिशरणका नायव पशु स्वास्थ्य प्राविधिक एकराज सुवेदी प्रशिक्षक रहेको कार्यक्रको सञ्चालन सीता चौंधरीले गरेका थिए ।

# नवलपरासी भुजहवा नाकाबाट ४ जना महिलाको उद्धार

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ८ असोज

पश्चिम नवलपरासीको भुजहवा नाकाबाट ४ जना महिलालाई सशस्त्र प्रहरी बलले उद्धार गरेको छ । उनीहरुलाई सरावल गाउँपालिका वडा नं ७ स्थित भुजहवा नाकाबाट शुक्रबार भारततर्फ लैजाँदै गरेको अवस्थामा उद्धार गरिएको सशस्त्र प्रहरी बल बेलासपुरका सूचना अधिकारी केशव थापाले बताए ।

अधिकारी थापाका अनसार महिलाहरुलाई भारत लैजाँने ४ जना पुरुषलाई नियन्त्रणमा लिइएको छ। सीमानाकामा सोधपुछ गर्दा बेचबिखन आशंकामा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उद्धार गरिएका महिलाहरुलाई माइती नेपालको समन्वयमा ईलाका प्रहरी कार्यालय महेशपुरको जिम्मा लगाइएको सूचना अधिकारी थापाले जानकारी दिए । थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## अटेरी...

गरेर आफ्नो निर्णय पेलेरै लागू गर्ने मनस्थितीमा देउवा देखिएका छन् ।

## नागरिकता...

केन्द्रीय कार्यकारिणी समितिको बैठकले आन्दोलनको घोषणा गरेको हो ।

नागरिकता विधेयक प्रमाणीकरण नगरेर राष्ट्रपतिले लाखौं योग्य नागरिकलाई नागरिकताको अधिकारबाट वञ्चित गरेको पार्टीको आरोप छ । असोज ९ र १० गते हरेक वडामा दसैंको शुभकामना दिनुको साथै नागरिकताको अधिकार खोसेको विषय बारेमा माइकिङ गर्ने, असोज ११ गतेदेखि १८ गतेसम्म वडास्तरमा बिहान र दिउँसो अन्तरक्रिया कार्यक्रम तथा विरोध प्रदर्शन र असोज १९ गते पुतला दहनको कार्यक्रम राखिएको छ ।

## डा. केसीले ...

डा. केसीको पक्षमा माइतीघरमा पनि प्रदर्शन भएको थियो। पछिल्लो पटक कैलालीबाट अनशन सुरु गरेका डा केसीको स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि उनलाई असोज ५ गते थप उपचारका लागि काठमाडौं ल्याइएको थियो ।

केसीका माग सम्बोधन गर्न सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सचिव रामप्रसाद घिमिरेको संयोजकत्वमा वार्ता टोली गठन गरेको थियो । वार्ता टोलीमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सचिव रोशन पोखरेल र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदी सदस्य थिए । केसी पक्षको वार्ता टोलीमा भने अधिवक्ता ओमप्रकाश अर्याल, डा. लिजन महर्जन र सुवेदी सदस्य थिए । डा. केसीले भदौ २७ गते धनगढीको लक्ष्मीनारायण मन्दिरको धर्मशालामा २० औं सत्याग्रह सुरु गरेपछि सरकारले उनीसँग सहमति गर्न वार्ता टोली बनाएको हो ।

देशभरका सरकारी अस्पतालमा बेड अनुसार दरबन्दी व्यवस्था गर्नुपर्ने, जनसंख्या वृद्धिअनुसार अस्पताल-स्वास्थ्य संस्थाको स्तरवृद्धि गर्नुपर्ने, सरकारी अस्पतालमा टिकट, ल्याब, एक्स-रे लगायत आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनुपर्ने, सरकारले तोकेको सूचीअनुसार सबै निःशुल्क औषधिहरू उपलब्ध गराउनुपर्ने, मापदण्डविपरीत खुलेको निजी अस्पताल बन्द गराइनुपर्ने माग अघि सारेका थिए ।

२०८० सालसम्म सबै प्रदेशमा सरकारी मेडिकल कलेज स्थापना हुनुपर्ने, गेटा मेडिकल कलेज तत्काल सञ्चालन गरिनुपर्ने उनको माग छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी छाता ऐन, विश्वविद्यालय प्रतिष्ठानमा मापदण्ड विपरीतका नियुक्ति खारेजी, मापदण्डविपरीत नर्सिङ कलेजमा लिन लागिएको भर्ना रोक्नुपर्ने लगायत माग उनको छ। यी माग सम्बोधन गर्न सरकार लचक भएपछि डा. केसीले अनशन तोडेका हुन् ।

यसअघि पनि पटक पटक स्वास्थ्य क्षेत्रको समस्यालाई लिएर डा. केसी अनशन बसेका थिए। उनको अनशनपछि सरकारले कतिपय नीतिगत व्यवस्था समेत परिवर्तन गरेको विश्वासमा डा. केसीको अभियानलाई कतिपयले साथ दिँदै आएका छन् । यो पटक पनि उनले राखेका माग पुरा गर्न सरकार सकारात्मक देखिएको छ ।

## श्रम...

बनेका कतिपय श्रम सहचारीहरू कोरोनाविरूद्धको खोपपछि वैदेशिक रोजगार पुरानै लयमा फर्किएको अवस्थामा डिमाण्ड हेराफेरी र म्यानपावर कम्पनीसँग मोलमोलाईमा लाग्न थालेको गुनासो बढेको छ ।

तर काम बिगारिदिने र प्रतिशोध साँध्ने डरले अधिकांश म्यानपावर कम्पनीका सञ्चालकहरु श्रम सहकारीका जूयादती बिरुद्ध मौन बस्ने गरेका छन् । केही म्यानपावर कम्पनी भने आफ्नो कम्पनी व्यावसायिक प्रतिष्ठाका लागि प्रतिवादमा उत्रिन थालेका छन् ।

साउदी अरेबियाको जेद्दास्थित महावाणिज्यदूतको कार्यालयका श्रम सहचारी प्रेमप्रसाद उपाध्यायले रोजगारदाता कम्पनीबाट ल्याएको डिमाण्ड प्रमाणीकरणमा ढिलासुस्ती र हेराफेरी गरी उल्टो कम्पनी सञ्चालकको बद्नाम गर्न खोजेको दि-रिभर ओभरसिज प्रा.लि.ले बताएको छ ।

गत जनवरी २० मा साउदी अरबको इसान कब्बानी एण्ड पार्टनर कम्पनीबाट आफ्नो कम्पनीका नाममा आएको ९७ वटा डिमाण्ड प्रमाणीकरण नगरी त्यही कम्पनीबाट नेपालको अर्को म्यानपावर कम्पनीका लागि ९ दिन पछाडि पेश गरेका ९७ वटै मागपत्र प्रमाणीकरण गरेर अन्याय गरेको दि रिभर ओभरसिजका सञ्चालक रघुनाथ पुरीको भनाइ छ ।

वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण निर्देशिका २०७५ मा रोजगारदाता कम्पनीबाट प्रमाणीकरणका लागि पेश भएको मागपत्र बढीमा दश कार्यदिनभित्र प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ । तर उपाधयायले मागपत्र पेश गरेको सात दिनपछि बिदाको कारण देखाउँदै डिमाण्ड रद्द गरेको रिभरको दाबी छ ।

सञ्चालक पुरीले मागपत्र प्रमाणीकरण नहुनुको कारण माग गर्दा धम्क्याएको भन्दै प्रचारबाजी गरी प्रतिशोध लिन खोजिएको बताए । उनले भने, 'मैले यस विषयमा मन्त्रालयको उच्च प्रशासनिक नेतृत्वलाई पहिलेदेखि नै जानकारी गराएको कारण हाम्राविरूद्ध गर्न खोजिएको ठूलो कुप्रचार सफल हुन पाएन ।'

विदेशी रोजगारदाताले कम्पनीलाई चाहिनेजति कामदार नेपालबाट एकमुष्ट लैजान खोजेपनि श्रम सहचारीहरूले कुनै कारण र आधार बिनै आधा मात्र मागपत्र प्रमाणित गरिदिने गरेका छन् । त्यसले नेपाल आउने डिमाण्ड मात्रै प्रभावित नभई अर्थतन्त्र संकटमा परेको बेला मुलुकले पाउने राजस्व पनि गुमेको छ ।

काउन्सिलर श्रम, श्रम सहचारी तथा परराष्ट्र मन्त्रालयका कर्मचारीले कम्पनी अध्ययनका नाममा मागपत्र प्रमाणीकरण ढिला गर्ने तर आफ्नो स्वार्थ पूरा भएमा तत्कालै मागपत्र प्रमाणीकरण गरिदिने गुनासो धेरै अगाडिदेखि रहेको छ ।

श्रम मन्त्रालयले फ्रि भिसा फ्रि टिकटको निर्णय कार्यान्वयन गर्ने बताएपनि दूतावासमा मागपत्र प्रमाणीकरण गर्दा नै मोटो रकम लगानी गर्नुपर्ने बाध्यताले कामदारको लागत बढाउने धेरैजसो वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ । श्रम सहचारीहरूको ध्यान समस्यामा परेका कामदारका गुनासा सुन्नु र राम्रो व्यवहार गर्नु भन्दा डिमाण्ड हेराफेरी गरेर छोटो समयमा कमाएर फर्किनेमा रहेको गुनासो धेरै पहिलेदेखि आइरहेको छ ।

श्रम सहचारी उपाध्यायले एउटै प्रकृतिको मागपत्रमा एउटाको प्रमाणीकरण गर्ने र आर्को म्यानपावरको नगर्ने गर्नु आर्थिक चलखेल बाहेक अरु केही नभएको स्वयं व्यवसायीहरु बताउँछन्। उपाध्यायले दूतावासका आफू माथिका अधिकारीहरुलाई समेत गुमराहमा राखेर कसैको तत्कालै प्रमाणीकरण गर्ने र कसैको झुलाइ रहने गरेको साउदीको काम गर्ने अधिकांश व्यवसायीले बताएका छन् ।

हाल श्रम सहचारी उपाध्याय प्रकरण सार्वजनिक भएपछि स्वयं दूतावास र श्रम मन्त्रालयले आन्तरिक छानविन शुरू गरेको बताइएको छ । यस विषयमा जानकारी लिन खोज्दा उपाध्यायसँग सम्पर्क भने हुन सकेन ।

## अभिमुखीकरण...

र त्यसप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

विभागले अनुगमनको कार्यलाई प्रभावित पारेमा अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ बमोजिम कारबाही हुने समेत चेतावनी दिएको छ ।


**Pyuthan Municipality**

**Office of the Municipal Executive**

**Bijuwar, Pyuthan**

**Invitation For Sealed Bids/Sealed Quotation**

**First Date of Publication: 2079/06/09 B.S** ***(25st sept 2022 AD)***

1. Office of the Municipal Executive, Pyuthan (OME Pyuthan) has received grant from **GON** for Construction of bijuwar thapadada khalanga motorbato and OME Pyuthan intends to apply the funds to cover eligible payments under the contract for construction of works and further OME Pyuthan allocates fund. Bidding is open to all eligible Nepalese Bidders.
2. The OME Pyuthan invites sealed bids/quotation from registered eligible bidders for Construction of bijuwar thapadada khalanga motorbato..
3. The Bidder having valid firm registration, VAT/PAN registration certificates, tax clearance certificate up to **FY 2078/079** are eligible for bidding.
4. Interested eligible Bidders may obtain further information and inspect the bidding documents at Pyuthan Municipality Office, Pyuthan Phone No. 086-460291 or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
5. Bidder must submitting their bid electronically, should deposit the cost of three thousands of bidding document in the OME Pyuthan's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids
   Name of Bank : Nepal Bank Limited, Bijuwar, Pyuthan
   Name of Office : Office of Municipality Executive , Pyuthan Bijuwar
   **Revenue Account : 28103000001001000001**
   **Deposit Account : 28103000003000000001**
6. Bidders must submit their bid on or before **12:00**hrs on **2079/07/14** electronically through E-Procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp as specified in the Instruction to Bidders. Documents received after deadline will not be accepted.
7. The bids will be opened at **13:00hrs On 2079/07/14** physically and electronically in the presence of Bidders' representatives who choose to attend at OME, Pyuthan Bijuwar. Bid Security must be valid for a period of 90 days after the deadline for bid submission date & must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period.If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. The Pre-bid Meeting shall be held at OME, Pyuthan on **2079/07/04 at 14:00**hrs
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The name and identification of the contract are as follows:

| SN | Contract ID No | Description of Work | Estimated Amount (Excluding VAT, Contingencies and PSS) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 5/MUN/2079/ 80/T-ROAD | Bijuwar thapadada khalanga motorbato | 8521996.6 | 250000 | 3000 | Sealed Bids |

**Chief Administrative Officer**
**Pyuthan Municipality**

# झण्डै २३ हजारमा डेंगु संक्रमण




**काठमाडौं/मस-** देशभर फैलिएको डेंगु संक्रमणबाट मृत्यु हुनेको संख्या २९ पुगेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ७६ जिल्लामा डेंगु फैलिएको र हालसम्म २२ हजार ९८८ जनालाई डेंगु भएको छ।

नेपालमा पहिलो पटक २०६१ मा डेंगुका बिरामी भेटिएको थियो। त्यसयता हरेक वर्ष बढ्दो क्रममा रहेको डेंगुले यो वर्ष महामारीकै रुप लिएको छ।

मन्त्रालयका अनुसार सबभन्दा धेरै बागमती प्रदेशमा १७ हजार ७३१ जनालाई डेंगु भएको छ। लुम्बिनी प्रदेशका २ हजार ८२१ जना, सुदूरपश्चिम प्रदेशका ७७७, प्रदेश १ का ५९१, गण्डकीका ५१५, मधेश प्रदेशका ३२३ र कर्णाली प्रदेशका २३० जनालाई डेंगु भएको छ।

भक्तपुर, ललितपुर लगायतका सबभन्दा धेरै संक्रमण फैलिएको जिल्लामा खोज र नष्ट गर अभियान चलाइएको मन्त्रालयले जनाएको छ।

**डेंगु तत्काल नियन्त्रण गर्न आग्रह**

पछिल्लो समय नेपालमा फैलिएको डेंगु प्रकोप तत्काल नियन्त्रण गर्न चिकित्सकहरूले आग्रह गरेका छन्। सरकारले डेंगु नियन्त्रणमा तुरुन्त प्रभावकारी कदम चाल्नुपर्ने उनीहरूको आग्रह छ। हरेक अस्पताल शय्याहरू डेंगुका बिरामीले भरिएको चिकित्सकहरूको भनाइ छ।

रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा डा सुन्दरमणि दीक्षितले नियन्त्रणका लागि लामखुट्टे मार्ने धुवाँको प्रयोग गर्नुपर्ने बताए।

डेंगु नियन्त्रण गर्न सरकारको मात्र जिम्मेवारी नभएको भन्दै उहाँले स्वास्थ्य मन्त्रालय मातहतका कार्यालय र स्थानीय निकाय गम्भीरताका साथ खटिनुपर्नेमा जोड दिए।

डेंगु प्रकोपले पछिल्लो समय कडा रूप लिँदै गएको बताउँदै डा दीक्षितले आफूले प्रत्येक दिन जाँच गर्ने १० बिरामीमध्ये दुई-तीन डेंगु सङ्क्रमित हुने उल्लेख गरे।

स्वास्थ्य मन्त्रालयले लामखुट्टे 'खोज र नष्ट गर' अभियान दुई महिना अगाडिदेखि सञ्चालन गरेको भए यस्तो अवस्था नआउने सरुवा रोग विशेषज्ञ डा शेरबहादुर पुनले बताए।

एकै परिवारका सदस्य पालैपालो अस्पताल पुग्ने गरेको स्मरण गराउँदै डेंगु प्रकोपले भयावह रुप लिइसकेको उनको भनाइ छ। 'नेपालले अब समयमै नियन्त्रण नगरे अझै ठूलो समस्या निम्तन सक्छ', उनले भने।

सरकारले डेंगु नियन्त्रणका लागि सञ्चालन गरेको अभियान प्रभावकारी भएको भन्दै लामखुट्टेको लार्भालाई खोजेर नष्ट गरेमा एडल्ट लामखुट्टे नियन्त्रण गर्न सकिने सरुवा रोग विशेषज्ञ डा गरिबदास ठाकुरको भनाइ छ। उहाँले जनचेतना अभिवृद्धि गरेर, सरकारले विज्ञहरूको सल्लाहमा अघि बढेमा प्रकोप नियन्त्रण गर्न सकिने बताए।

**डेंगुका बिरामी बढे**

नेपालगञ्जको भेरी अस्पतालले कोभिडका लागि छुट्याएको वार्डमा डेंगुलगायत बिरामी राखेको छ। यहाँ डेंगुको बिरामी ४६ जना छन्।


कोभिडका बिरामी बढेपछि अस्पतालले छुट्टै वार्ड बनाएकोमा डेंगुलगायतका बिरामी बढेपछि उक्त वार्डमा ती बिरामीलाई राखिएको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) डा बद्री चापागाईंले बताए।

उनले भने, 'यो बिरामी बढ्ने मौसम हो। बिरामी बढेर राख्ने ठाउँ छैन।'

अस्पतालमा एक सय ५० शय्या छ। ठाउँ नभएपछि कुरुवाका लागि बनाइएको बेन्च, कुर्सीमा बिरामी बसेका छन्।

अस्पतालमा डेंगुलगायतका बिरामी बढेपछि रिफर गर्ने क्रम बढेको छ। एकै दिन अस्पतालमा पुगेर दर्जनभन्दा बढी फर्किरहेका छन्। पश्चिमको रिफरल सेन्टर मानिने भेरीमा डेंगुबाट दुई जनाको मृत्यु भइसकेको छ। यसैबीच, नेपालगञ्ज उपमहानगरपालिकाको आयोजनामा डेंगु रोग रोकथाम तथा नियन्त्रणका लागि सरोकारवाला बीचलाई सचेत गराउँदै आएको उपमेयर कमरुद्दिन राईले जानकारी दिए।

# देशभर ७४ जनामा संक्रमण, एकको निधन



**काठमाडौं/मस-**कोरोना भाइरसको संक्रमण देशभर ७४ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबार गरेको नियमित बुलेटिनमा चार हजार एक सय २६ जनाको परीक्षण गर्दा ७४ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ।

शनिबार एक सय १६ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन्। निको हुने प्रतिशत ९८.७ प्रतिशत रहेको छ। एक जनाको सङ्क्रमणका कारणले निधन भएको जनाइएको छ। अहिलेसम्म सङ्क्रमणका कारणले १२ हजार १७ जनाको निधन भइसकेको छ। सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार दुई सय ८३ पुगेको छ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौँ रहेको छ। यस्तै १५ जिल्लामा सङ्क्रमित सङ्ख्या शून्य रहेको छ। होमआइसोलेशनमा एक हजार दुई सय ३४, संस्थागत आइसोलेशनमा ४९ र सघन उपचारकक्ष (आइसीयू)मा १० जनाको उपचार भइरहेको छ। विगत २४ घण्टामा कोरोना भाइरसविरुद्धको खोप कसैले पनि नलगाएको मन्त्रालयले जनाएको छ।

# नागरिकता विधेयकमा संविधानको पालना हुन सकेन : ऊर्जामन्त्री

भक्तपुर/मस- ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले 'सेरेमोनियल' राष्ट्रपतिले प्रतिनिधिसभा र राष्ट्रियसभाबाट दुईपटक पारित भएर गएको नागरिकता विधेयक प्रमाणीकरण नगर्दा उहाँबाट संविधानको पालना हुन नसकेको बताएकी छन्।

मध्यपुरथिमिमा शंकधर बचत तथा ऋण सहकारी संस्थाको १५औँ वार्षिक साधारणसभामा शनिबार उनले संवैधानिक राष्ट्रपतिले संसद्बाट पुनः पारित गरी पठाएको विधेयक प्रमाणीकरण गर्नपर्ने धारणा राखिन्।

मन्त्री भुसालले भनिन् 'नेपालको संविधानले राष्ट्रपति संस्थालाई निर्णय गर्ने र गल्ती गर्ने अधिकार दिएको छैन, राष्ट्रपतिले दुईपटक संसद् भङ्ग गरेर र अहिले नागरिकता विधेयक प्रमाणीकरण नगरेर तीनपटक देशलाई गम्भीर सङ्कटतर्फ धकेल्नुभएको छ।'

मङ्सिर ४ गतेको निर्वाचन रोकेर देशलाई संकटतर्फ धकेल्न त खोजिएको होइन भन्ने आशंका पैदा भएको भन्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि सचेत हुने बेला आएको बताइन्।

विगतमै भएको निर्णय र संविधानले नै परिकल्पना गरेअनुरुप नै आएको नागरिकता विधेयक दुवै संसद्बाट पारित गरेको भन्दै मन्त्री भुसालले नागरिकता विधेयकका विषयमा भ्रममा नपर्न आग्रह गरिन्।

संविधानअनुसार पहिलेका सरकारले ल्याएका विधेयक र अध्यादेशमै समेटिएका विषयलाई दुवै संसद्ले पारित गरेको नागरिकता विधेयक प्रमाणीकरण नगरेर भ्रम फैलाउन खोजिरहेको भन्दै उनले राष्ट्रपति जस्तो सम्मानित संस्थाले जनताको आकांक्षालाई पूरा गर्नपर्नेमा जोड दिइन्।

नागरिकता पाउनुपर्ने नागरिक नागरिकताविहीन हुँदा स्कुल-कलेज पढ्न, बैंकमा खाता खोल्न, मोबाइलको सिम लिन, पासपोर्ट बनाउन नपाउँदा बिचल्लीमा परेको मन्त्री भुसालको भनाइ छ।

उनले भनिन्, 'सायद पहिलो चोटी भएर हो कि, अज्ञानताले हो कि, अथवा अरु कुनै दबाब वा निहीत स्वार्थले हो राष्ट्रपतिबाट गलत भएको छ, अब फेरि कुनै राजनीतिक दुर्घटना नहोस् भन्नका लागि परिवर्तनमा लाग्ने सबै राजनीतिक दल, नागरिक समाज, नागरिक समाजका अगुवा, बुद्धिजीवी, सचेत नागरिक, सबैले चनाखो भएर सचेत हुने बेला आएको छ।' कार्यक्रममा उनले घरको भान्छामा इन्डक्सन चुल्हो बाल्नुस्, विदेशी ग्यास हटाउनुस् भन्दै इन्डक्सन चुल्हो बाल्न प्रेरित गर्न घरेलु उपभोक्ताका लागि विद्युत् महसुल घटाएको बताइन्।

'सहकारीले आफ्ना सदस्यलाई बोनस होइन, इन्डक्सन चुल्हो दिनुहोस्, एलपी ग्यासभन्दा इन्डक्स चुल्हो बाल्न ५० प्रतिशत सस्तो पर्छ, यो आफ्नै देशको हो, यसले व्यापार घाटा कम गर्छ', मन्त्री भुसालले भनिन्, 'यातायातका साधन पनि विद्युतीय नै चढौं, महँगो पेट्रोल खर्चनु पर्दैन।'

उनले स्थानीय तहलाई उज्यालो नगर बनाउन आह्वान गर्दै सडक, नगर, सम्पदा क्षेत्र सबै क्षेत्रलाई उज्यालो बनाउन मन्त्रालयले ५० प्रतिशत व्यहोर्ने गरी अनुदानको व्यवस्था गरेको बताइन्।

**सिंजा गाँउपालिका**
**गाँउ कार्यापालिकाको कार्यालय**
**नराकोट, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**मिति: २०७९/०६/०९**

यस कार्यालयबाट मिति २०७९/०५/२८ मा प्रकाशित सूचना अनुसार तपशिलको योजना रितपूर्वक दर्ता हुन आएका प्रस्ताव मध्ये बाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही निम्न प्रस्तावदाताको सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM/ Catalogue/01/2079/080 | सवारी साधन (मोटरसाईकल) खरीद | Chandannath Auto Care Chandannath-6, Jumla | NPR 2788998.20 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**राहदानी हरायो**

मिति २०७९/०६/०६ गते धानकोट देखि कालिमाटि जाँदा म रामबहादुर थापाको राहदानी नं.११९४५५११५ भएको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**राहदानी हरायो**

मिति २०७९/०६/०६ गते धानकोट देखि कालिमाटि जाँदा म शुसन राजाभाटको राहदानी नं.११९४५५११५ भएको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**राहदानी हरायो**

मिति २०७९/०६/०६ गते धानकोट देखि कालिमाटि जाँदा म सन्तोष रानाको राहदानी नं.१०२७१३६८ भएको राहदानी हराएकोले पाउनुहुने महानुभावहरुले नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**'Zero Cost Recruitment in Malaysia'**
**(मलेशियामा शुन्य लागतमा रोजगार)**

Free Visa, Free Ticket, Free Service Charge, Free Passport, Free Medical , Free Transport and Free Lodging & Fooding)
(फ्रि भिषा , फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल, फ्रि यातायात, फ्रि आवास र खाना)

मलेसिया मुलुकको Selangor शहरस्थित एक प्रतिष्ठित LONSON ENTERPRISE SDN BHD कम्पनीमा निम्न नेपाली कामदारहरुको माग भई आएकोले योग्य र इच्छुक नेपाली कामदारहरुले यथाशिध्र सम्पर्क गर्नुहोला।

कम्पनी: LONSON ENTERPRISE (M) SDN.BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२६३ L.T. No.: 272611

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 90 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

LONSON ENTERPRISE SDN BHD does not impose any recruitment/placement fee for this employment.
LONSON ENTERPRISE SDN BHD यस रोजगारीको लागि कुनै पनी किसिमको भर्ती शुल्क लिने छैन।
Applicants are requested to submit their application directly without using any mediator or sub-agents. Applicants family members/relatives/friends are not required to make any payments , bribe, gifts or lieu of fees for this employment.
आवेदकहरुलाई कुनै पनि मध्यस्तकर्ताको प्रयोग बिना आवेदन गर्न आमन्त्रित गर्दछौं, आवेदकका परिवार, आफन्त, साथि–भाईले यस रोजगारीको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन्।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असोज १६ गते (2 October 2022) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075

**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493 9801080059, 9801044492, 9817002440

**Kohalpur Municipality**
**Office of Municipal Executive**
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

**Invitation For Bids**

**Date Of Publication:2079/06/09 ( Sep-25-2022 )**

**Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke** invites bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/KOMUN/ W/NCB-08/2079/080 | Highway Connecting Roads Construction works (Kohalpur Chauraha-East section) at Kohalpur Municipality, Banke | 90 days | 12,764,866.20 | 325,000.00 | 3000.00 | |
| 2 | BANKE/KOMUN/ W/NCB-09/2079/080 | Highway Connecting Roads Construction works (Kohalpur Chauraha-West section) at Kohalpur Municipality, Banke | 90 days | 8,971,347.77 | 230,000.00 | 3000.00 | |
| 3 | BANKE/KOMUN/ W/NCB-10/2079/080 | Highway Connecting Roads Construction works (Kohalpur Chauraha-North Section) at Kohalpur Municipality, Banke | 90 days | 9,423,667.75 | 240,000.00 | 3000.00 | |
| 4 | BANKE/KOMUN/ W/NCB-11/2079/080 | Highway Connecting Roads Construction works (Kohalpur Chauraha-South Section) at Kohalpur Municipality, Banke | 90 days | 15,652,925.92 | 400,000.00 | 3000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 2079/07/16 ( Nov-02-2022 ) ( upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | 2079/07/16 ( Nov-02-2022 ) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank, Kohalpur, Banke, AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal **http://bolpatra.gov.np/egp** and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

## सम्पादकीय

# कसलाई प्राथमिकतामा राख्ने ?

आगामी आमचुनावका लागि समानुपातिक तर्फको बन्दसूची तयार पार्ने क्रम जारी छ । गएको सोमबार दलहरूले प्रतिनिधिसभा र प्रदेशसभा तर्फका समानुपातिक सूची बुझाएका थिए । प्रतिनिधिसभा सदस्यको ११० र प्रदेशसभा सदस्यको २२० जनाका लागि दलहरूले बन्दसूची बुझाएका हुन् । संघ भन्दा दोब्बर संख्या प्रदेशसभा सदस्य हुने संवैधानिक व्यवस्था बमोजिम दलहरूले बन्दसूची बुझाइरहेका छन् । आगामी असोज १६ गते बन्दसूचीको अन्तिम नामावली तयार हुनेछ । त्यसका लागि दलहरूले आयोगसँग परामर्शमा सूची तयार पारिरहेका छन् । समानुपातिक सिद्धान्तअनुसार हुने निर्वाचनमा महिला, दलित, जनजाति, मधेशी, पीछडिएको क्षेत्र, खसआर्यको अनुपातअनुसार बन्दसूची तयार पार्नुपर्ने हुन्छ । त्यसैअनुसार, अनुपात मिलाउने काम भइरहेको छ । तर कानूनले समानुपातिक सिद्धान्तलाई समुदायका आधारमा मात्रै हेर्ने गरेको छ ।

आयोगले समावेशी र समानुपातिक सिद्धान्तलाई समुदायका रूपमा मात्रै हेर्दा यसको उद्देश्य भने प्रभावित हुँदै आएको छ । जनजाति समुदायबाट राष्ट्रिय राजनीतिमै स्थापितदेखि आर्थिक रूपमा सबल व्यक्ति सांसद बन्दै आएका छन् । खसआर्य समुदायबाट पार्टी नेतृत्वकै दावेदार र नेतृत्व गरिसकेका व्यक्तिहरू समावेश भएका छन् । कमजोर परिवारबाट आएका कमजोर व्यक्ति समावेश हुनुपर्ने संवैधानिक उद्देश्य हो । दलित, मधेशी र महिलातर्फ पनि त्यस्तै दुरूपयोग भइरहेको छ । राष्ट्रिय व्यक्तित्व बनाएकाहरू खुला प्रतिशपर्धाबाटै आउन सक्छन्, उनीहरूका लागि समावेशी प्रणाली अवलम्बन गरिरहन आवश्यकता नै पर्दैन । संविधानको उद्देश्य र भावना पनि त्यस्तो होइन । अझ समानुपातिक प्रणालीलाई नेता रिझाउन सक्ने व्यक्ति मात्रै पर्ने पद्दतिका रूपमा स्थापित गराउने भय बढेको छ । किनकि त्यस्तै अभ्यास हुँदै आएको छ ।

संविधानका जानकारहरू भने अहिले जस्तै अभ्यास कायम रहने हो भने मिश्रित निर्वाचन प्रणालीमै प्रश्न उठ्ने चिन्ता गर्छन् । अहिले दलका नेतृत्वले गरिरहेको अभ्यासलाई निरन्तता दिएर समावेशी संसद बनेपनि त्यो नाम मात्रैको हुनेछ । जुन समुदायको प्रतिनिधित्व गरेर संसदमा गएका छन्, उसले त्यो समुदायको आवाज उठाउन सक्ने परिस्थिति नबन्ने खतरा कायम छ । तसर्थ समावेशी बन्दसूचीमा त्यस्ता व्यक्तिहरू समावेश हुन जरूरी छ, जसले खुला प्रतिशपर्धा गर्न सक्दैनन् । महिला, जनजाति, मधेशी, दलित हरेक क्षेत्रबाट नाम समावेश गराउँदा त्यही समुदायको भावना प्रतिविम्वित हुने र केही अवधिपछि खुला प्रतिशपर्धा नै पर्याप्त हुने अवस्था बन्नेछ । तर अहिले जस्तो अभ्यास भइरहेको छ, प्राथमिकतामा नपर्नुपर्ने व्यक्ति आउँदा सामाजिक समावेशिताको एजेण्डा सधैं कायम रहने हुन्छ । विभेद कायमै रहँदा यो प्रणाली मात्रै बद्नाम हुनेछ ।

# ज्येष्ठ नागरिकप्रतिको दायित्व

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



*नेपालको संविधानको धारा ४१ मा मौलिक हकअन्तर्गत ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा हुनेछ भन्ने उल्लेख छ । आफन्तलाई पालन पोषण गर्न पनि पाश्चात्य समाजको झैं कानूनी बन्देज लगाउनुपर्ने प्रावधान राम्रो त होइन तर, पनि राज्य यसबाट पन्छन मिल्दैन । ठूलै संख्यामा परिवारबाट पीडित जेष्ठ नागरिकलाई राज्यले वेवास्ता गर्न मिल्दैन ।*

ज्येष्ठ नागरिक पहिलो संशोधन ऐन २०७९ राष्ट्रपतिबाट प्रमाणीकरणका साथ यसै भाद्र ५ गते नेपाल राजपत्रमा प्रकाशित भइ कार्यान्वयनमा आएको छ । देशमा कानुनको अभाव छैन, छ केवल व्यवहारको र त्यसको कार्यान्वयनको । धार्मिक देश भएर पनि हाम्रो समाजमा ज्येष्ठ नागरिकहरु आज पनि उपेक्षित छन् । माया पाउन सकेका छैनन् । तिनको अनुभव, सिप, योग्यता र क्षमताको प्रयोग हुन सकेको छैन । समाज वा भनौं घर परिवारबाटै पनि उनीहरु उपेक्षित छन् । सार्वजनिक यातायातमा उपेक्षा गरिन्छ मात्रै होइन, अस्पताल वा अन्य सार्वजनिक सेवा प्रवाह गरिने संस्थाहरुमा पनि तिनको कपाल फुलेको अबस्था हेरिन्न । प्रस्तुत पृष्ठभूमिमा ज्येष्ठ नागरिकका पीडा विषयमा उजागर गर्ने यो लेखको मनशाय रहेको छ ।

### बाह्य परिवेश

संघीयताको जननी देश भएझैं ज्येष्ठ नागरिक हक हितका लागि गरिएको व्यवस्थापनमा संसारमा पहिलो श्रेणीमा उभिने देश स्वीट्जरलैण्ड हो । दोस्रो श्रेय नर्वेलाई जान्छ । तेस्रोमा पर्छ जर्मनी । नेपाल भने सत्रौं स्थानमा छ । हामी कहाँ दलितहरुले ६० वर्ष पुगेकाले वृद्ध भत्ता पाउँछन्, अरुले होइन । साविक ७० वर्ष पुगेका आम ज्येष्ठ नागरिकहरुले यो आबदेखि ६८ वर्ष पुगेपछि भत्ता पाउन सक्ने भएका छन् । कुरो भत्ताको मात्रै होइन, तिनको ज्ञानको प्रयोग पनि हो । राजनीतिकर्मीहरु कहिल्यै बूढो नहुने तर, अरु निराशामा जीवन बिताउँदैछन्, भार बनेको अनभूति गरेर । संयुक्त राष्ट्र संघको मुख्यालयको दशौं समूहले संयुक्त राष्ट्र संघका लागि ज्येष्ठ नागरिकको हक हित सम्बन्धी महासन्धिको औचित्य छ वा छैन भन्नेबारे निश्कर्ष निकाल्न छलफल शुरु गरेको थियो । हालसम्म अन्य धेरै विषयमा संयुक्त राष्ट्र संघ सम्बन्धी महासन्धि, घोषणापत्र, प्रतिबद्धताहरु छन् तर, ज्येष्ठ नागरिक सम्बन्धी घोषणापत्र, महासन्धिहरु तयार भइसकेका छैनन् र प्रतिबद्धताहरुमा हस्ताक्षर भएको छैन ।

सन् १९९० को डिसेम्बर १४ मा संयुक्त राष्ट्र संघको महासभाले प्रस्ताव गरेअनुसार हरेक वर्ष अक्टोबर १ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नाागरिक दिवसका रूपमा हेर्ने गरिएको पनि तीन दशक नाघिसकेको छ । विश्वभरि नै ज्येष्ठ नागरिकको संख्या बढ्ने क्रममा अबको तीन दशकमा यसको संख्या दोब्बरले बढ्नेछ । हाल अल्पविकसित देशमा मात्रै ज्येष्ठ नागरिकहरुको संख्या ३ करोड ७० लाख रहेको र आगामी ३० वर्षमा यसको संख्या १२ करोड पुग्ने प्रक्षेपण छ । नेपालमा ६० वर्ष उमेर माथिकालाई ज्येष्ठ नागरिकको रूपमा हेर्ने गरिएको र हाल यसको संख्या २५ लाखमाथि रहेको र यहाँको जनसंख्या वृद्धिदर हेर्दा आगामी १ दशकमै यसको संख्या ३५ लाख पुग्नेछ । नेपालमा धेरै ऐन कानुनहरु यस सम्बन्धमा तय भइसकेकका छन् तर, कानुनअनुसार सेवा सुविधा भने पाउन सकेको अबस्था छैन । विश्वमा हाल ७६ करोडभन्दा बढी ज्येष्ठ नागरिकहरु छन् । नेपालमा पनि हाल लगभग ९ प्रतिशत जनसंख्या ज्येष्ठ नागरिककै छ । २५ लाख जनसंख्या वृद्ध, अशक्त, रोगी, असहाय हुँदा देश सुखी र समृद्ध हुन सक्दैन । जापानीहरु कोही फूर्सदमा छैनन्, सकेको काम सबैले गर्छन् । थाइलैण्डको प्रगति युवा पुस्ताको काँधमा छ । नेपालमा पुस्तान्तरण छैन, वृद्धहरु गाउँमा दुःख पाउँछन्, नवीन पुस्ता खाडीमा भासिन्छ ।

### कानुनी व्यवस्था

अहिले संशोधित नयाँ ऐन लागु भएको छ, जसले ज्येष्ठ नागरिकप्रति सरकारको, घर परिवारको, सामाजिक संघ संस्थाहरुको वा समग्रमा भनौं स्थानीय सरकारको दायित्व र जिम्मेवारीलाई बढाएको छ । सन्ततिले आम्दानीको निश्चित रकम बाबु आमालाई अनिवार्यरूपमा छुट्याउनु पर्ने भनिएको छ । बाबु-आमाप्रति कठोर व्यवहार, कसूर गर्ने सन्तति, परिवार वा सेवा केन्द्रलाई कसुर हेरी १० हजारदेखि ५ लाखसम्म र ३ महिनादेखि ५ वर्षसम्म कैदको सजाय हुनसक्ने भएको छ । यसमा छिमेकीले समेत उजुरी दिन सक्ने, सन्तान वा हकवालाले ज्येष्ठ नागरिकको लालन पालन नगरे तिनको सम्पति नपाउने, असहाय, तथा जीवन यापनको समस्यामा रहेकाको हेरचाह तथा संरक्षण स्थानीय सरकारले गर्ने जस्ता बूँदाहरु सहितको कानुनी व्यवस्था भएको छ । सम्पत्ति स्थानीय तहले आफ्नो कब्जामा राख्न सक्ने ज्येष्ठ नागरिकको हकहित हेतु प्रयोग गर्न सक्ने, तिनको बैंक खातामा पठाउन सक्ने भएको छ । तोकिएको न्यूनतम आय नभएका व्यक्तिको हकमा ज्येष्ठ नागरिकको न्यूनतम आवश्यकता पूर्ति सम्बन्धित स्थानीय तहले गरिदिनु पर्ने, भिन्न भई बसेका सन्तती वा छोरीप्रतिको नाति नातिनामा पनि यो लागु हुने भएको छ । तर, नियमित आम्दानी भएका, पेन्सन होल्डर, स्वरोजगार भएका, व्यापार व्यवसाय भएका बाबु आमा जो जुनसुकै आय आर्जनबाट तोकिएकाभन्दा बढी आय आर्जन भएकाको हकमा भने यो लागु नहुने भनौं पारिश्रमिक वा रकम जम्मा गरिदिनु नपर्ने भनिएको छ । अन्यथा सन्ततिले आफूले जम्मा गरिदिनु पर्ने रकमको विवरण, बैंक, भाउचर, भर्पाइ सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने प्रावधान छ । १५ दिनभित्र त्यहाँ जानकारी गराई प्रत्येक आ वको अन्त्यमा रकम दिएको विवरण बुझाउनु पर्ने भएको छ । बाबु आमाले सन्ततिबाट यस्तो रैरकम नपाए उजुरी दिन सक्ने, यस्तो निवेदन, उजुरी प्राप्त भएपछि स्थानीय तहले सम्बन्धितलाई आदेश दिन सक्ने, जम्मा गरिएको रै रकमखर्च भइनसकेको अबस्थामा सो रैरकमले काज किरिया खर्च भनौं अन्तेष्टि कर्ममा प्रयोग हुने र बाँकी रहे जम्मा गर्ने सन्ततिले उपयोग गर्न पाउने गरी ऐन आएको छ ।

सन्तानलाई लालन, पालन नगरेको, उचित, शिक्षाबाट वन्चित गरेको, निकाला गरेको सन्तानलाई भने स्थानीय तहले तिनका अभिभावकलाई लालन पालन गर्ने विषयमा बाध्य पार्न सक्दैन । परिवारले ज्येष्ठ नागरिकलाई अलग राख्नु नहुने, भिक्षाटन, सन्यासी, फकिरमा प्रेरित गर्न नहुनेसम्पति लिने इच्छाले निजहरु उपर कुनै त्यस्तो बदनियत कार्य गर्नु गराउन नहुने, गरेमा कडा सजायँको व्यवस्था भएको पाइन्छ । कुनै सार्वजनिक पदमा रहेकाले यस्तो कसुर गरेमा तोकिएको सजायँको ३० प्रतिशत सजायँ बढाउने पनि कानुनी व्यवस्था छ । ७५ वर्ष माथिका ज्येष्ठ नागरिक प्रति सन्ततिले कुनै कसुर गरेमा थप २५ प्रतिशत सजायँ र पटकैपिच्छे यसो भएमा थप १० प्रतिशत सजाय भोग्नु पर्नेछ । कसुरको कारबाही किनारा भने जिल्ला अदालतबाट हुनेछ । सोको अनुगमन भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नेछ ।

### बजेटका कुरा

सन्ततिहरुबाट टाढिँदै गर्नाले देशमा वृद्धाश्रमहरुको संख्या वृद्धि भएको छ । सरकारले पनि हरेक वर्षको बजेटमा केही बोलेको पाइन्छ । आ.व. ०७७/०७८ को बजेटमा देशभरका ज्येष्ठ नागरिक आश्रमको न्यूनतम पूर्वाधार र सुविधाको मापदण्ड तोकी स्थानीय तहको प्रत्यक्ष रेखदेखमा सञ्चालन गर्ने व्यवस्था मिलाउने बताएको थियो । बजेटमा अल्जाइमर्स रोगलगायत उमेरका कारण हुने रोगबाट ज्येष्ठ नागरिकको निःशुल्क उपचारको व्यवस्था गर्ने उल्लेख थियो । एकल, शारीरिक र मानसिक रूपमा अशक्त, असहाय र आफ्नो परिवार वा संरक्षक नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधि उपचार र संरक्षकको व्यवस्था गरिने सरकारी अठोट बजेटमा व्यक्त थियो । अटिजमलगायत सबै प्रकारका अपाँगता भएका व्यक्तिका लागि सुरक्षा, हेरचाह, विशेष प्रकारका स्वास्थ्य सेवा सुविधा तथा पुनःस्थापनाका लागि व्यवस्था मिलाइने पनि सरकारले नै भनेको हो । गत वर्षको बजेटमा पनि एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिक रूपमा अशक्त असहाय, आफ्नो परिवार र संरक्षण नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधि उपचार र संरक्षणको व्यवस्था गरिने उल्लेख थियो । अल्जाइमर्स तथा बुढ्यौलीको रोगबाट प्रभावित ज्येष्ठ नागरिकको निःशुल्क औषधि उपचारको व्यवस्था गरिने भनेको थियो । अपागंता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, रोजगारी र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने तथा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री उत्पादनका लागि अनुदान दिने पनि भनेको हो, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता ज्ञान, सीप हस्तान्तरणको कार्यविधि कार्यान्वयनमा ल्याई २ सय स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने कार्य भएको आर्थिक सर्वेक्षण ०७७ ले नै जनाएको हो ।

### उमेरको कुरा

सामाजिक सुरक्षाअन्तर्गत ज्येष्ठ नागरिकहरुले जीवन निर्वाह गर्न वृद्ध भत्ता पाइरहेका छन् । राजनैतिक नारामा अर्पित गरेको वृद्धभत्ता राजनैतिक दलहरुको चुनावी घोषणापत्रमा मासिक ५ हजार गर्ने भनिएको हो । ज्येष्ठ नागरिकहरु आन्दोलनमा होमिएपछिउ पचार खर्च पाउने भए, गत आवदेखि रु ४ हजार छ । वि.सं. २०५१ सालमा मासिक रु. १०० का दरले वृद्धभत्ता दिने निर्णय भई, ७५ वर्ष माथिकाले पाउने यो रकम अर्को वर्षदेखि दिन थालिएको हो । आ.व. ०६७/०६८ देखि वृद्धभत्ता पाउने उमेर ७० वर्षमा र यो आ व देखि ६८ मा झरेको छ । ज्येष्ठ नागरिकप्रतिको विशेष सुरक्षा, संरक्षण, अभिभावकत्व स्वीकार गर्दै देशमा ज्येष्ठ नागरिक ऐन २०६३ र ज्येष्ठ नागरिक नियमावली २०६४ जारी भएको हो । यसै ऐनलाई आधार मानी सरकारले सामाजिक सुरक्षाअन्तर्गत वृद्धवृद्धाहरुलाई भत्ता दिने कानुनी व्यवस्था गरेको हो । नेपालको संविधानको धारा ४१ मा मौलिक हकअन्तर्गत ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा हुनेछ भन्ने उल्लेख छ । आफन्तलाई पालन पोषण गर्न पनि पाश्चात्य समाजको झैं कानूनी बन्देज लगाउनुपर्ने प्रावधान राम्रो त होइन र पनि राज्य यसबाट पन्छन मिल्दैन ।

### र, अन्त्यमा

दुःख र संघर्ष सिक्ने आफन्त भनौं जन्म दिने पिताबाटै हो अनि संस्कार र अनुशासनको शिक्षा दिने आफूलाई पहिलो आँखा देखाउने आमा नै हुन्, बाँकी सबैकुरा संसारबाटै मिल्ने हो । हामी कहाँ नयाँ सन्ततिले न आफ्ना पिताको न आफ्नी आमाको कुरा नै सुन्ने गरेको पाइन्छ । यदि यसो हुन्थ्यो भने यत्रा विधि कानुन बनाउनै पर्दैनथ्यो । समाज नैतिक, इमान्दार र चारित्रिक भइहाल्थ्यो । विचारले नै समाज बदलिन सक्छ ढुँगा हानेर, मान्छे मारेर मात्रै परिवर्तन गर्नु पर्दैनथ्यो । अहिले देशमा नेता मालामाल छन्, जनतालाई आलु किन्ने पैसा छैन । भाषणबाजी सुन्दा वेदान्ती प्रवचन जस्तो गर्छन् । छुराले भन्दा कुराले हान्नु घातक हुन्छ । बोली र व्यवहार सबैतिर फरक छ । त्यसैले त पूर्वीय दर्शनको मत छ संसारमा २ भगवान छन्, एउटा मनको कुरा बुझिदिने आमा र अर्को भविष्यको चिन्ता गरिदिने बाबु । मान्छेले सबै कुरा जिन्दगीमा भुल्न सक्छ तर, कसैले अनादर गरोस्, भुल्दैन कहिले पनि । सुख र दुःखलाई डटेर सामना गर्न सिकाउँने आमा बाबु नै हुन् । मौसमी साथी बनाउँदा क्षणभरको प्रगति होला तर, चिरस्थायी हुन्न । यी सबै उपदेश ज्येष्ठहरुबाटै सिक्ने हो, दुःख र हैरानी जति उनीहरुले खेपेका हुन्छन् त्यति नयाँले खेपेका हुन्नन् ।

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

राजनीतिको परिणाम दिने भनेको स्वच्छ र स्वतन्त्र निर्वाचनले हो, गठबन्धन गरेर होइन । पार्टीको चुनाव चिन्न अनुरूप दलहरू चुनाव लड्नु पर्छ । सरकार बनाउन गठबन्धन गर्नु फरक कुरा हो तर, निर्वाचनमा गठबन्धन गर्नु सैद्धान्तिक, नैतिक र व्यवहारिक हिसाबले पनि गलत छ । यो जनमतको उपहास हो । जनता अब 'भेडा' बन्नुहुन्न ।



**- कृष्ण घिमिरे**

महिला समानुपातिकको पिछडिएका महिलाको तर्फबाट आरजु राणा, मधेसमा पिछडिएको वर्गबाट पुरूष समानुपातिकमा बिमलेन्द्र निधि, खसआर्य पुरूष कोटाको पिछडिएका वर्गबाट छानिएका प्रकाशशरण महत । देउवाको समानुपातिकमा, कांग्रेसीजनलाई न लाज न शरम । समानुपातिक प्रजातन्त्रको उपहास भयो ।




**- ओमकुमार थापा**

राजनीति विचार, सिद्धान्त र कार्यक्रमका आधारमा हुनुपर्छ । देश र जनताका पक्षमा काम गर्ने पार्टीलाई जनताले अनुमोदन गर्छन् नै । निर्वाचनका बेला जनताले आफूलाई मन पराएको पार्टी रोज्नु स्वभाविक हो तर, पदका लागि मुसाले घर सारेजस्तो दल बदल गर्नेहरू चाहिँ स्वार्थ प्रेरित नै ज्यादा देखिन्छन् ।



**- सेतेमान तामाङ**

दिनप्रतिदिन डेँगुरोग नियन्त्रणभन्दा बाहिर महामारीको रूपमा गएको छ । निर्वाचनको बेलामा डेंगु नियन्त्रण भएन भने झन् झन् जटिलता निम्त्याउन सकिन्छ । अब सरकारले निर्वाचनलाई भन्दा डेंगुरोग नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ । पहिला मानवलाई जोगाउने मानवीयता देखाऊ अनि दोश्रोमा निर्वाचन र विकास गरौला ।



**- सुनिल चाम्लिङ**

पटक–पटक पेट्रोलको भाउ घटेर आउँदा पनि नेपालमा मूल्य समायोजन भएन, यसलाई कसरी बुझ्ने ? देशमा सरकार हुँदै नभएको हो कि, लुटेराको सरकार हो यो ? जनताले हरेक शीर्षकमा कर तिरेकै छ, अन्तराष्ट्रिय बजारमा पेट्रोलको मूल्य बढ्न बित्तिकै तत्काल यहाँ बढाउने चलन तर, घट्दा किन घटाइएन ?

# युरोपले लुकाएको संकट

विचार



● प्रकाश ढकाल

*रुस-युक्रेन युद्धले सम्पूर्ण युरोप नराम्रोसँग प्रभावित छ । एकातिर महँगी बढेर दैनिकमै समस्या निम्तिएको छ भने अर्कोतिर अत्यावश्यकीय वस्तुहरुको आपूर्तिमा समस्या देखिएको छ । तर, जनताहरु समस्यामा भइरहँदा युरोपेली देशका नेतृत्वहरु भने समस्यालाई लुकाउन चाहिरहेका छन् । उनीहरुले विश्व सामु युद्धको प्रभाव केही नभएको ढोंग देखाइरहेका छन् ।*

रुस-युक्रेन युद्धले युरोपमा सामाजिक र आर्थिक प्रभाव निकै गहिरो गरी पारेको छ । तर, युरोपेली देशहरू त्यो देखाउन चाहँदैनन्, हामी ठीक छौं भन्ने भान् उनीहरुले विश्व सामु पार्दै आएका छन् । उनीहरुले लुकाए पनि युद्धको प्रभाव बाहिर देखिनसमेत थालेको छ । अहिले अतिआवश्यकीय कुरामै पनि मानिसहरु समस्यामा परिरहेका छन् ।

अहिले युरोपका सम्पूर्ण देशहरूमा पेट्रोल र डिजेल अनि बाल्ने ग्याँस रसियाबाट पाइपलाइनमार्फत आउँछ । त्यसको मूल्य अहिले निकै बढेको छ । युद्ध सुरु हुनुभन्दा अगाडि डेनमार्कमा करिब ११.३९ डेनिस क्रोनर रहेको पेट्रोल बढेर १५.३९ भएको छ । जुन यसअघि १७.७९ डेनिस क्रोनर थियो । जसको मार प्रत्यक्ष जनतालाई परेको छ । डिजेलको पनि मूल्यबृद्धि त्यही अनुपातमा छ । तेलको मूल्य बढेपछि स्वाभाविक रूपमा यातायात तथा सामान ढुवानीको खर्च बढ्छ अनि त्यसको स्वतः असर दैनिक उपभोग्य सामानमा पर्छ । ग्यासको मूल्य २ सय प्रतिशतले बढेको छ ।

दैनिक उपभोग्य गर्ने सामानको मूल्य न्यूनतम् ३० देखि ५० प्रतिशतसम्म बढेको छ । उदाहरणको लागि खाने तोरीको तेल १७ बाट २६ पुगेको, दूध लिटर ११ बाट १५ पुगेको, पाउरोटी पनि यही अनुपातमा मूल्य बढिरहेको छ । अहिले कुखुराको मासु किलोको २५ बाट ४२ पुगेको, खसि भेडाको मूल्य पनि यही अनुपातमा बढिरहेको छ । अन्डाको मूल्य प्रति गोटा १ बाट २ भएको छ । हरियो तरकारीको मूल्य २५% ले बढेको छ । पहिला दुई सय डेनिस क्रोनरमा झोला भरी सामान आउँथ्यो भने अहिले झोला भरी सामान किन्न ३२० देखि ३५० खर्च गर्नुपर्छ । दैनिक उपभोग्य वस्तुको मूल्य बढेको बढ्यै छ तर, व्यक्तिको तलब भने बढेको छैन ।

युरोपभर खानेकुराहरुको मूल्य मात्रै बढीरहेको छैन, उपभोगमा पर्ने अन्य कुराहरुको पनि मूल्य बढेको छ । डेनमार्कमा बिजुलीको मूल्य चाहिँ कोठा, फ्ल्याट तथा घरअनुसार न्यूनतम् १३०% देखि ३०० प्रतिशतसम्म बढेको छ । युरोपमा सबैभन्दा महँगो बिजुली भएको छ । बिजुलीको मूल्य बढ्नुको खास कारण पेट्रोल र डिजेलको मूल्य बढ्नाले हो । त्यसैले डेनमार्क अहिले भयंकर उर्जा सङ्कटबाट गुज्रिरहेको छ । डेनमार्कको बिजुलीको मुख्य स्रोत भनेको विन्ड मिल (हावाबाट बिजुली उत्पादन), ग्याँसबाट, कोइलाबाट तथा फोहोर जन्यलाई उत्पादन हुन्छ । बाँकी स्विडेनबाट आयात गर्ने हो । स्विडेनमा पनि अहिले उर्जा सङ्कट भएको हुँदा उसले निर्यातमा निकै कटौती गरेको छ । जसको सिधा मार डेनमार्कलाई परेको । साँझ नपर्दै डेनमार्कका उज्यालो हुने सार्वजनिक स्थानहरू अहिले अँध्यारा छन् । अत्यावश्यक सार्वजनिक ठाउँहरू बाहेक कतै बिजुली छैन । सडकहरू अनि गाडी पार्किङ स्थानहरू, राति यात्रा गर्दा उज्याला देखिने हाइवे/राजमार्गहरू अहिले अँध्यारा देखिन्छन् । सडक बत्तीहरू बलेका छैनन् ।

सन् १९९७ पछिकै डेनमार्कमा मुद्रास्फृती अहिले उच्च भएको छ । सामान्यतः प्रत्येक वर्ष २.४ रहने यहाँ अहिले बढेर ९.६ पुगेको छ । मुद्रा मुद्रास्फृती उच्च हुनु भनेको बजारमा हरेक वस्तुको मूल्य उच्च हुनु अनि त्यहाँको जनताको बसाई महँगो हुनु हो । मुद्रास्फृती सरकारले चाहेको खण्डमा नियन्त्रण गर्न सक्छ तर, अहिले सरकारको नियन्त्रण बाहिर छ ।

सबै युरोपेली मुलुकका जनता अलि सहनशील छन्, त्यसैले खास बाहिर देखाउँदैनन् । तर, यो सहनशीलता कहिलेसम्म जान्छ ? भन्न सकिँदैन । युरोपेली मुलुकहरू मानव अधिकार, लोकतन्त्र तथा शासनको स्थायित्वप्रति प्रतिबद्ध छन् । यदि जनताको उकुसमुकुस यही किसिमले बढिरह्यो भने त्यो थेग्न सरकारलाई गारो देखिन्छ । किनकी जनताको खर्च बढेको छ । मध्यम वर्ग निकै मारमा छन् । तर, यो समस्याको बीच सरकारले भने कुनै सहयोग गरेको छैन । जनताको सार्वजनिक दबाब जब सतहमा आउँछ तब सरकारलाई दबाब बढ्छ । युद्धले युरोपभर यत्रो संकट ल्याउँदा पनि केही नभए जस्तो भान पारी संसारलाई हामी ठीक छौं, हामीलाई केही भएको छैन जस्तो देखाउन युरोपेली मुलुकका सरकारहरू चाहन्छन् भने त्यो अलि खतरा साबित हुनेछ । अब आगामी चुनावहरूमा युरोपेली मुलुकका देशहरूमा केही उथलपुथल हुने सम्भावना छ । नयाँ-नयाँ शक्ति तथा पार्टीहरू अस्तित्वमा आउन सक्छन् र यदि रसिया र युक्रेनबीचको युद्धलाई समाधान तर्फको बाटोमा अहिले सम्बोधन नगर्ने हो भने युरोपेली मुलुकहरू बिच नै नयाँ ध्रुवीकरण सुरु हुनेछ ।

# सीमापारि दशैंको रौनक, वारि सुनसान



कपिलवस्तु/रासस- दशैं जति नजिकिँदै छ किनमेल पनि त्यति बढ्दै छ। व्यापार चम्कँदै छ। तर नेपालमा होइन सीमापारि। दशैंको मुखमा पनि कपिलवस्तुका मुख्य बजारहरु सामान्य सरह छन्। सदरमुकाम तौलिहवा, कृष्णनगर, चन्द्रौटा, गोरुसिङ्गे, जितपुर, गोरुसिङ्गे, पकडीलगायतका मुख्य बजारमा दशैंको कुनै रौनक छैन्। दशैंलाई सस्तो, राम्रो र आकर्षक सामग्री खरिदका लागि भन्दै नेपालीहरु सीमावर्ती भारतीय बजारमा ओर्लिएपछि पुनः नेपाली व्यापारीको समस्या विगतका वर्षभन्दा कम छैन यतिखेर। सीमापारिका बढ्नी, खुनुवा, अलिगढवा लगायतका भारतीय बजारमा यतिखेर नेपालीको बाक्लो चलहपहल देखिन्छ।

दशैंका लागि अत्यावश्यक वस्तुदेखि विलाशिताका सामग्री किन्न नेपाली भारतीय बजारमा निर्भर देखिन्छन्। यसपालिको दसैंमा नेपालमा हरेक सामानमा मूल्य बढेको छ। त्यसैले पनि भारतीय बजारमा नेपाली उपभोक्ताको आकर्षण बढेको हो।

मुख्यगरी नेपाली उपभोक्ताहरु लत्ताकपडा, जुत्ता चप्पल, चिनी, दाल, तेल तथा टिभी, फ्रिजसम्म किन्न भारतीय बजार धाउँछन्। सीमापारिका बजारमा पाइने वस्तु नेपाली बजारमा महँगो हुने भएकाले आफू भारतीय बजारतर्फ आकर्षित भएको बुद्धभूमि नगरपालिका-९ की मनिषा भाटले बताए।

'नेपाली बजारमा ६ हजार पर्ने कुर्ता सुरुवाल भारतीय बजारमा दुई हजार बढी पर्दैन, दसैं खर्चिलो छ, बचत त गर्नैपर्‍यो', इमिलियाबाट बढनी किनमेलका लागि गएकी भाटले भनिन्। खाद्यान्न वस्तुहरु पनि सस्तो भएकाले उपभोक्ताहरु भारतीय बजारमा आकर्षित हुने गरेको देखिन्छ। जिल्लाका प्रत्येक क्षेत्रमा सरकारले सस्तो पसल सञ्चालन गरेमा उपभोक्ता भारतीय बजारमा कम जाने उपभोक्ता हकहित संरक्षण मञ्चले जनाएको छ। भारतीय बजारभन्दा पनि सस्तोमा लत्ताकपडा दिए पनि उपभोक्ताले गुणस्तरीय नभएको आरोप लगाउने गरेको कृष्णनगरमा कपडा पसल सञ्चालन गरेर बस्नुभएकी सीता घिमिरेले बताइन्। भारतीय कपडा आयात गर्दा लाग्ने भन्सार महसुल, कर तथा ढुवानी खर्चका कारण स्वतः नेपालमा कपडा महँगो हुन जाने उनको भनाइ छ।

कृष्णनगर र मर्यादापुर भन्सार कार्यालयका अनुसार एक सातामा जिल्लाका विभिन्न सीमानाकाबाट कपडा र उपभोग्य वस्तुको आयात बढेको छ। दैनिक उपभोग्य र व्यक्तिगत प्रयोजन भन्दै उपभोक्ताले ती वस्तुहरुको भन्सारसमेत नतिर्दा राज्यलाई समेत लाखौं राजश्व घाटा लाग्ने गरेको छ।

कपिलवस्तु व्यापार सङ्घका अध्यक्ष महादेव पोखेलले भारतीय बजारमा नेपाली उपभोक्ता ठगिने गरेको आरोप लगाए। केही वस्तु सस्तोमा दिएर अन्य वस्तुहरुमा चर्को मूल्य लिएर नेपाली उपभोक्ता ठगिने गरेको उनले बताए। 'नेपालीको मानसिकता सीमापारि सस्तो सामान पाइने भन्ने छ, त्यसैको फाइदा उठाउँदै व्यापारीले ठग्ने गर्दछन्', उनले भने।

# दशैंका लागि दार्चुलाबाट च्याङ्ग्रा काठमाडौं ल्याइँदै

काठमाडौं/मस- यस वर्षको बडादशैंमा काठमाडौंका लागि दार्चुलाबाट केही सङ्ख्यामा च्याङ्ग्रा ल्याइने भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले मुस्ताङ क्षेत्रबाट च्याङ्ग्रा ल्याउन अनुकूल नभएपछि दार्चुलाबाट करिब पाँच सयको सङ्ख्यामा च्याङ्ग्रा ल्याउन लागेको हो।

कम्पनीका कार्यकारी निर्देशक मोहनप्रकाश चन्दले विगतमा मनाङ र मुस्ताङबाट ल्याइने गरेकामा मूल्यलगायत कारण समस्या भएपछि पहिलो पटक दार्चुलाबाट च्याङ्ग्रा ल्याउन प्रयास गरिएको जानकारी दिए। कम्पनीले ती च्याङ्ग्रा जिउँदो प्रतिकिलो रु एक हजार एक सय ५० मा खरिद गर्न लागेको जानकारी दिएको छ। कम्पनीको उक्त प्रयासले बजार मूल्य स्थिर तुल्याउन योगदान पुग्ने विश्वास गरिएको छ।

यसैबीच, स्थानीय पालिका जनप्रतिनिधिबाट माग र अनुरोध भएपछि कम्पनीले दार्चुलाको व्याँस गाउँपालिको छाङरु र तिङ्करको लागि चार सय क्विन्टल खाद्यान्न पठाउने तयारी गरेको छ।

कम्पनीले चामल, दाल, पीठो, नून, चिनीलगायत खाद्य सामग्री हेलिकप्टरबाट दशैँअघि नै उक्त क्षेत्रमा उपलब्ध गराउने तयारी गरेको छ। ती सामग्री ढुवानीका लागि हेलिकप्टर भाडामा लिन टेन्डर प्रक्रिया अघि बढिसकेको कम्पनीले जानकारी दिएको छ।

# स्वास्थ्य संस्था नहुँदा समस्या

**सिमकोट/मस-** हुम्ला उत्तरी भेगमा रहेको नाम्खा गाउँपालिका वडा नं २ को लामाखोल्सी गाउँमा स्वास्थ्य संस्था नहुँदा यहाँका स्थानीयलाई उपचारमा समस्या भएको छ। वडा नं ३ लामाखोल्सी गाउँमा पहिलादेखि नै स्वास्थ्य संस्था नहुँदा गाउँमा बिरामी हुँदा उपचारमा थप समस्या हुने गरेको स्थानीयको गुनासो छ।

छिमेकी सिमकोट गाउँपालिकाको वडा नं ८ को खोल्सी गाउँको स्वास्थ्यचौकीमा उपचारलाई जाने गरेको स्थानीय रिकजेन लामाले बताए। गाउँमा स्वास्थ्यचौकी स्थापना गरिदिन आग्रह गर्दा कुनै सुनुवाइ नभएको उनले गुनासो गरे। गाउँमा गर्भवती महिला सुत्केरी हुन झन समस्या भएको छ।

यस्तै जटिल बिरामीको उपचारमा तत्काल समस्या हुने गरेको उनको भनाइ थियो। वडा नं ३ लामाखोल्सी गाउँमा ३१ घरधुरी रहेको छ। दिनहुँ बिरामी जाँच, श्वासप्रश्वास, झाडापखाला, सुरक्षित मातृत्व, परिवार नियोजनलगायतका स्वास्थ्य सेवा पाउनबाट लामाखोल्सीवासी बञ्चित रहेको लामाले बताए।

Government of Nepal
Ministry of Urban Development
## Department Urban Development & Building Construction
## Project Office of Urban Development & Building Construction
Rajbiraj, Saptari

## Invitation for Bids

Invitation For Bids (IFB):-**PUDBC/SAPTARI/NCB/WORKS/02-2079/080**

**Date of Publication: 2079/06/09 (25th Sept. 2022)**

**Project Office of Urban Development & Building Construction, Rajbiraj, Saptari** invites **electronic bid only** from eligible bidders for following under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents. A complete set of Bidding Documents may be downloaded from the PPMO's e-Portal- **www.bolpatra.gov.np/egp (e-GP II).**

| S. N. | Contract ID. | Description of works | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1. | PUDBC/ SAPTARI/ NCB/ WORKS/ 02-2079/080 | Integrated Urban Infrastructure Development Work in Hanumannagar-Kankalini Municipality, Saptari for Intensive Urban Development Programme | 1,12,00,000.00 | 20,000.00 | Single Stage Two-Envelope Bidding Procedure | 2079/07/15 (1st November, 2022) at 12:00 Noon | 2079/07/15 (1st November, 2022) at 14:00 Noon |
| 2. | PUDBC/ SAPTARI/ NCB/ WORKS/ 03-2079/080 | Integrated Urban Infrastructure Development Work in Lahan Municipality, Siraha for Intensive Urban Development Programme | 1,12,00,000.00 | 20,000.00 | Single Stage Two-Envelope Bidding Procedure | 2079/07/15 (1st November, 2022) at 12:00 Noon | 2079/07/15 (1st November, 2022) at 14:00 Noon |

**Project Chief**

## Parshuram Municipality
## Office of Municipal Executive
Jogbuda, Dadeldhura

## Invitation for Bids

**Date of publication: 2079/06/09**

1. Parshuram Municipality, Jogbuda, Dadeldhura invites electronic bids from Nepalese eligible bidders for the construction of following contract under National Competitive Bidding procedures.

| S.N. | IFB No. | Description of Work | Estimated Cost (Incl. VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | PM/NCB/ Works/01/2079-080 | Construction of Emergency Safe Shelter Building | 37,10,294.36 | 95,000 | 3,000 |
| 2. | PM/NCB/ Works/02/2079-080 | Construction of Basic Health Center Building | 30,88,931.80 | 80,000 | 3,000 |
| 3. | PM/NCB/ Works/03/2079-080 | Construction of Mahadev Aa. Vi. Kareni Building | 13,63,072.17 | 35,000 | 1000 |
| 4. | PM/NCB/ Works/04/2079-080 | Construction of Siddhanath Aa. Vi. Saison Building | 32,53,915.45 | 82,000 | 3,000 |
| 5. | PM/NCB/ Works/05/2079-080 | Construction of Baijanath Ma. Vi. Jamarani Building | 20,01,629.71 | 50,000 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: parshurammun@gmail.com , Phone No.: 096-411004 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost (as mentioned above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Nepal Bank Ltd. Office Account no.: 24403000001001000001
   Name of Office : Parshuram Municipality, Jogbuda, Dadeldhura
4. Electronic bids must be submitted to the office of Parshuram Municipality, Jogbuda, Dadeldhura through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2079/07/16. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2079/07/16 at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit bid security in Bank:
   Name of the Bank : Nepal Bank Ltd. Office Account no.: 24403000003000000001
   Name of Office : Parshuram Municipality, Jogbuda, Dadeldhura
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

मलेसियामा रोजगार | कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२६६ LT. No.: 272597

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Workers | 150 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १६ गते (02 Oct. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 895/067/068
Sagar Recruitment Pvt. Ltd.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

KUWAIT मा रोजगार | कम्पनी: THE GOLDEN HORSE COMPANY FOR DELIVERY OF CONSUMER ORDERS
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०२/१० चलानी नं.: ६०१७९६७५ LT. No.: 263542 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver / Bike Rider | 12 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५८,४०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | light Diriver | 42 | 0 | | 170 | ७०,९२२ | | | | | | | |
| 3. | Supervisor | 2 | 0 | | 250 | १०४,२९७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १४ गते (30 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gold
Govt. Lic. No. 1210/073/074
GOLD OVERSEAS PVT. LTD.
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

साउदीमा रोजगार | कम्पनी: HERFY CONSTRUCTION AND BUILDING COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ चलानी नं.: ६०१७४०४१ L.T. No.: 247255 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 28 | 0 | स. काममा दक्ष | 1000 | ३४,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १६ गते (2 October 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1096/073/074
Yatra H.R. Solution Pvt. Ltd.
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

# वाग्मती प्रदेश प्रहरीको चाडपर्व लक्षित सुरक्षा योजना



**वाग्मती/मस–** वाग्मती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दशैं, दीपावली र छठ पर्वलाई लक्षित गरी विशेष सुरक्षा योजना सार्वजनिक गरेको छ । त्यसका लागि पाँच हजार तीन सय ३२ प्रहरी परिचालन हुने जनाइएको छ । वाग्मती प्रदेश प्रहरी प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक किरण बज्राचार्यले प्रत्यक्ष एवम् भर्चुअल माध्यमबाट मातहत कार्यालय प्रमुखको उपस्थितिमा विशेष सुरक्षा योजना सार्वजनिक गर्दै लागू गर्न निर्देशनसमेत दिएका छन् । चाडपर्वको समयमा हुने आपराधिक गतिविधिलाई नियन्त्रणका लागि विशेष सुरक्षा योजना लागू गरिएको बज्राचार्यले जानकरी दिए । वाग्मती प्रदेश अन्तर्गतका १० वटा जिल्लाहरुमा प्रभावकारी सुरक्षा व्यस्थापनका लागि प्रदेश प्रवेश गर्ने सीमा नाकामा नियमित र अपर्झट जाँचको व्यवस्था मिलाउने, मोबाइल गस्ती परिचालन, प्रमुख धार्मिकस्थल, बैंकिङ तथा वित्तीय संस्थाहरुमा प्रहरी परिचालन, जिल्ला प्रशासनको समन्वयमा कालाबजारी तथा कृत्रिम अभाव सिर्जना गर्नेलाई नियन्त्रण गर्न बजार अनुगमनको व्यवस्था मिलाउने रहेको उनले बताए ।

साथै सुरक्षा निकाय समेतको सहभागितामा झैंझगडा तथा जुवातास एवम् घरेलु मदिरा नियन्त्रण गर्ने, लागूपदार्थ तथा मादक पदार्थ सेवन सम्बन्धित जाँचको व्यवस्था मिलाउने, बसपार्कमा महिला प्रहरी र ट्राफिक प्रहरी सहितको यात्रु सहायताकक्ष स्थापना गरी २४औँ घण्टा प्रहरी परिचालन गरिने छ । साथै सवारी दुर्घटना न्यूनीकरणका लागि नियमित राजमार्ग गस्ती परिचालन, सवारी साधनका गति नियन्त्रणका लागि रङ्गरोगनसहितको विशेष, ट्राफिक जाँच गर्ने, प्रमुख राजमार्गमा रात्रिकालीन बेस स्थापना गर्ने योजना रहेको बताइएको छ ।


# जापानमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY शहर : GUNMA
पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२२६ Lt. No.: 272427

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Frame Working (Farming Construction work) | 2 | 167000 | १,५१,१३५ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY शहर : GUNMA
पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२२४ Lt. No.:272428

| सि. न. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Farming | 3 | 144052 | १,३०,३६७ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

३. कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY शहर : GUNMA
पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२२७ Lt. No.: 272426

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waterproofing | 3 | 165000 | १,४९,३२५ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

४. कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY शहर : GUNMA
पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२२३ Lt. No.: 272429

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Wrapping Worker | 6 | 150267 | १,३५,९९१ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता हुने स्थान र मिति:**
**मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असोज १५ गते (1 Oct. 2022) मा हुनेछ ।**
**आजुमी जापनिज कन्सल्टेन्सी, लगनखेलमा २०७९ असोज १५ गते (1 Oct. 2022) मा हुनेछ ।**
**आजुमी जापनिज कन्सल्टेन्सी, इटहरी, सुनसरीमा २०७९ असोज १५ गते (1 Oct. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१को नि:शुल्क अन्यको रु. ४०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको**
**उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : क.नं.१ को नि:शुल्क अन्यको जम्मा रु ४०,०००।- मात्र
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ **जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

## क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
(श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३०० Email: capital2004@yahoo.com
Mobile: 9818306336, 9823391330, 9810219345, (आजुमी जापनिज कन्सल्टेन्सी 9823831629)
**" Real Happiness Lies in Making Other Happy"**


# Chhathar Jorpati Rural Municipality
## Office of the Rural Municipal Executive
**Jorpati, Dhankuta**
**Province No. 1, Nepal**

## Invitation for Online Bids

**Date of Publication: 2079-06-09 (2022-Sept-25)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following goods.

| Contract ID | Description | Estimated Amount with Vat | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 01/CJRMUN/ NCB/2079/080 | Purchasing and supplying of Roofing (Red) colour C.G.I sheet and Roof Ridge Cover | 98,20,725.58 | 3,000.00 | 2,35,000.00 | 120 days | NCB | 2079-07-15 (2022-Nov-01) 13:00 PM |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   **Name of the Bank** : **Nabil Bank Ltd. Sindhuwa, Dhankuta.**
   **Name of Office** : **Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta.**
   **Office Account Name and No.** : **Antarik Rajaswa Khata, 20901017500044**
4. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Ltd. Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

# Shivalaya Rural Municipality
## Office of the Rural Municipal executive
**Sima, Jajarkot**
**Karnali Province, Nepal**

## Invitation for Bids

**Bid Publication Date: 2079/06/09 B.S.**

| Project Title | IFB No | Cost Of Bid Documents | Bid Security | Estimated Amount without VAT |
|---|---|---|---|---|
| Construction Of Sarashwoti Ma.vi School Building Shivalaya Rural Municipality-3, Jajarkot | SRM/NCB/ WORKS/ 2079/080-02 | 3,000 | 3,75,000 | 1,29,66,036.68 |
| Construction Of Shivalaya Campus Building Shivalaya Rural municipality-3, Jajarkot | SRM/NCB/ WORKS/ 2079/080-03 | 3,000 | 4,25,000 | 1,49,99,696.32 |
| Construction Of ThalaRaikar Health Post Building Shivalaya Rural Municipality-5, Jajarkot | SRM/NCB/ WORKS/ 2079/080-04 | 3,000 | 3,75,000 | 1,29,64,598.44 |

Last Date Of Bid Submission : 2079/07/08 (12:00 PM)
- Date Of Bid Opening : 2079/07/08 (14:00 PM)

**Note**: For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www.shibalayamun.gov.np and contact 9869213743 or shibalayamun@gmail.com.

**Chief Administrative Officer**

# ब्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दमौली, तनहूं**
**गण्डकी प्रदेश, नेपाल**

**गण्डकी प्रदेश, नेपाल ढुङ्गा, गिटी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को अनुशुची २-क (दफा ४ को उपदफा(५) संग सम्बन्धीत) नदिजन्य पदार्थको विक्रीका लागि विद्युतीय वोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०६/०९**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) र व्यास नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १५ को व्यवस्था वमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुको निधारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी बोलपत्र बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०७८/०७९ को कर चुक्ताको, प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि.नं | सुचना/बोलपत्र नंम्बर | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (कर वाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तूर रु. |
|---|---|---|---|---|---|---|
| १ | RE05/VYAS REV/079/080 | खण्ड (क) मादी नदीको ढुंङ्गा, गिटी,वालूवा(चापाघाट मादीको पक्की पुलदेखि कलेस्ती पुल सम्म) | २५,०२,४१०.४५ | २,६२,२५,२६१.५१ | ७,८६,७५७.८४ | ५,०००।०० (पाच हजार मात्र) |
| २ | RE06/VYAS REV/079/080 | खण्ड (ख) मादी नदीको ढुंङ्गा, गिटी, वालूवा (कलेस्ती पुल देखि शिशाघाट मादी नदीको पक्की पुलसम्म) | २१,५२,३९०.८७ | २,२५,५७,०५६.३१ | ६,७६,७११.६८ | ५,०००।०० (पाच हजार मात्र) |

**बोलपत्र सम्बन्धी शर्तहरु:**
- ❖ बोलपत्र फाराम तोकिएको दस्तूर तिरी PPMO's को website http://www.bolpatra.gov.np/egp बाट Download गर्न सकिनेछ । बोलपत्र पेश गर्दा ३६औं दिन मिति २०७९।०७।१५ गते दिनको १२:००बजेसम्म PPMO'sको website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु क्अबल गरी PDF format मा वोलपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ३६ औं दिन मिति २०७९।०७।१५ गते दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । बोल(पत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगतै कार्यालय खूलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हूनेछन् ।
- ❖ अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

**वोलपत्रको रकम दाखिला सम्बन्धी विवरण:**
बैकको नाम: नेपाल बैक लिमिटेड, दमौली शाखा
कार्यालयको नाम: व्यास नगरपालिकाको कार्यालय, दमौली, तनहु
बोलपत्र फाराम खरिदको दस्तुर जम्मा गर्ने राजश्व खाता नं. च.हि.नं.०६००३००००१००१००००१
धरौटी रकम जम्मा गर्ने धरौटी खाता हि.न.०६००३०००००३००००००००१
बिस्तृत जानकारी तथा अन्य शर्तका लागि : फोन नं. **०६५-५६३२३३, ०६५-५६३६३२** सर्म्पक गर्नुहुन र website www.vyasmun.gov.np मा हेर्नुहुन अनुरोध छ ।

# फेरियो अल्पसंख्यक सुनाहा जातिको जीवनशैली

महादेव अवस्थी / रासस
कञ्चनपुर, ८ असोज

कञ्चनपुरको भीमदत्त नगरपालिका-१२ ऐरीका युवा कालुसिंह सुनाहालाई आफ्ना अग्रजले नदीमा सुन छानेको स्मरण छैन । महाकाली नदी छेउको सुनाहा बस्तीमा हुर्केका कालुसिंह आफ्ना अग्रजले महाकाली नदीमा न सुन छानेको देखे न त माछा मारेर घरपरिवार चलाएको सम्झना छ। महाकाली नदीमा सुन छान्ने र माछा मारेर जीविकोपार्जन गर्ने यो समुदायको जीवनशैली पछिल्लो समय फेरिँदै गएको छ । अल्पसंख्यक जातिका रुपमा रहेको सुनाहा समुदायले पछिल्लो समय नदीमा गिट्टी, बालुवा छानेर परिवारको जोहो गर्ने गरेका छन्। भीमदत्त नगरपालिकाको वाड नं. १२ र १३ मा ७५ परिवार अल्पसंख्यक सुनाहा जाति बसोबास गर्दै आएका छन् ।

पछिल्लो समय पुर्ख्यौली पेसा लोप हुँदै गएपछि विकल्पका रुपमा यो समुदायले महाकाली नदीमा गिट्टी, बालुवा छानेर जीविकोपार्जन गरिरहेको स्थानीय युवा कालुसिंह बताए । 'अग्रजको जस्तो नदीमा गएर सुन छान्न आउँदै त्यो सीप हामीले सिकेका छैनौँ', उनले भने, 'अहिले महाकाली नदीमा गिट्टी, बालुवा छानेर गुजारा गरिरहेका छौँ ।' उनले सुनाहा जाति अल्पसंख्यक भएकाले अरू जातिको जस्तै कोटा हुनुपर्ने बताए ।



'आर्थिक समस्याका कारण शिक्षा, स्वास्थ्य लगायतका सेवासुविधाबाट समेत वञ्चित हुनुपरेको छ', उनले भने, 'हाम्रा छोराछोरीलाई पठनपाठन निःशुल्क हुनुपर्छ अरू जाति जस्तै हाम्रो जातिको पनि कोटा हुनुपर्छ ।' उनले दलित, राउटे रानाथारू जातिका लागि राज्यले सबै क्षेत्रमा कोटा र सुविधा दिएको तर आफ्नो अल्पसंख्यकका लागि कुनै सेवासुविधा नभएको गुनासो गरे ।

सोनाहा जातिको पुर्ख्यौली पेसा पछिल्लो पुस्ताले अनुसरण नगरेपछि नदीमा सुन छान्ने पेसा हराउँदै गएको ७० वर्षीया उमरेसी सुनाहाले बताइन् । 'उति बेलाका पुर्खाहरुले नदीमा सुन छान्ने र माछा मारेर दैनिकी चलाउँथे', उनले भनिन्, 'त्यसपछिको पुस्ताले नदीमा सुन छान्न सिकेन अहिले नदीमा गिट्टी, बालुवा छानेर परिवारको जोहो गरिरहेका छन ।' उनले अहिलेको पुस्ताले सुन छान्ने पेसाको विकल्प खोजिरहेको बताए ।

अर्का स्थानीय घनश्याम सुनाहा घर बनाउने काम गर्छन् । उनले पुर्ख्यौली पेसाको विकल्पका रुपमा घर निर्माण गर्ने गरेको बताए । 'हाम्रा पुर्खाले नदीमा सुन छानेको देखेका पनि छैनौं ।' उनले भने, 'अहिले दैनिक मजदुरी खेतीपाती गरेर जीवन निर्वाह गरिराखेका छौँ ।' उनले सरकारले सुनाहा जातिलाई अन्य लोपोन्मुख जातिका रुपमा पहिचान दिनुपर्ने बताए ।

बर्दिया र कञ्चनपुरमा मात्रै बसोबास रहेको यो समुदायले पटक पकट जातीय पहिचानका लागि सरकारसँग आग्रह गरे पनि सुनुवाइ नभएको बताउँछन्। 'सुनाहा जातिको समूह बनाएर काठमाडौंसम्म पुगेका छौँ सुनुवाइ भएन', घनश्यामले भने, 'काठमाडौं जान पैसा नभएर सबै प्रतिपरिवार दुई हजार उठाएर काठमाडौं पुगेर आफ्ना माग राख्यौं ।'

सुनाहा समुदायका बालबच्चाको शिक्षाका लागि सरकारले व्यवस्था गरिदिनुपर्ने मेघादेवी सुनाहाले बताइन् । 'आर्थिक समस्याका कारण हाम्रा छोराछोरीले विद्यालय जान पाएका छैनन्,' उनले भनिन्, 'विद्यालयमा कक्षा ९ सम्म मात्रै निःशुल्क छ त्यसभन्दा माथि शुल्क लिने गरेका छन ।' उनले उच्च शिक्षा अध्ययनका लागि आर्थिक समस्या हुँदा विद्यालय छोडेर रोजगारीका लागि भारतर्फ जाने गरेको बताए । यो समुदायको प्रमुख आय स्रोतका रुपमा महाकाली नदी रहेको छ । असोज महिनादेखि असारको महिनासम्म नदीमा गिट्टी, बालुवा छानेर परिवारको जोहो गर्ने गरेका छन् ।

# लिलाम नहुँदा भन्सारमा थन्किए करोडौंका गाडी

**बेदकोट / मस-** चोरी, तस्करी तथा विभिन्न घटनामा बरामद गरिएका सवारीसाधन चार वर्षयता कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीमा थन्किएका छन्। लिलाम गर्न ढिलाइ हुँदा गाडी भन्सार कार्यालयमै जीर्ण हुँदै गएका छन्। विगतमा कोरोना महामारीका कारण लिलाम प्रक्रिया अगाडि बढ्न सकेको थिएन । कञ्चनपुर भन्सार कार्यालयमा करिब चार सयको सङ्ख्यामा दुईपाङ्ग्रे र २० वटा चारपाङ्ग्रे सवारी तथा ढुवानी साधन छन् ।



जिल्लाका विभिन्न क्षेत्रबाट चोरी-पैठारी, भारतीय नम्बरको गाडीमा नेपाली नम्बर राखेकालगायतका सवारीसाधन प्रहरीले नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने गरेको छ ।

भन्सार कार्यालयमा रहेका गाडीमध्ये सबैभन्दा बढी भन्सार प्रक्रिया पूरा नगरेका भारतीय नम्बरका मोटरसाइकल रहेका छन् । यस्तै भन्सार शुल्क नतिरी विभिन्न सामान चोरी, पैठारी गरिरहेका अवस्थामा नियन्त्रणमा लिइएका नेपाली गाडी पनि भन्सार कार्यालयको गोदाममा थन्किएका छन् ।

यसअघि २०७५ सालको वैशाख, जेठतिर गरिएको लिलामबाट भन्सार कार्यालयले झण्डै रु चार करोड राजस्व असुली भएको थियो। दशैं, तिहारपछि गाडी लिलाम हुने कञ्चनपुर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्मा बताउछन् ।

'यातायातको इन्जिनीयरले सबै गाडी हेरिसक्नुभएको छ, त्यसको रिपोर्ट तयार भइरहेको छ', उनले भने 'रिपोर्ट प्राप्त गरेपछि मूल्याङ्कन समितिले मूल्य निर्धारण गरेर लिलामको सूचना निकाल्ने तयारी छ ।'

विगतमा कोरोनालगायत विभिन्न कारणले गाडी लिलाम गर्नमा ढिलाइ भए पनि अब भने त्यस्तो नहुने उनको दाबी छ । 'कर्मचारी अपुग भएकाले लिलामका लागि ०७८ साल माघमा विभागबाट कर्मचारी थप तथा काजमा मागेका थियौं, त्यस पछि गाडीको चेसिज, इन्जिन हेरेका थियौं' भन्सार अधिकृत विश्वकर्माले भने 'लिलाममा ढिलाइ हुदा गाडीको मूल्य घट्ने हुनाले त्यसो नहोस् भनेर आर्थिक वर्ष २०७८/७९ मा सक्ने चाहना थियो, तर प्राविधिक कारणले गर्न सकेनौं, अब यसमा एक/दुई महिनाभन्दा बढी लाग्दैन ।'

# दशैंमा दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यन्न अभाव नहुने

**काठमाडौं / मस-** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कर्णालीलगायत दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यन्न अभावका कारण बडा दशैंलगायतका महत्वपूर्ण चाडपर्व मनाउन नपाउने स्थिति आउन नदिन भरमग्दुर प्रयास गर्ने जनाएको छ। कम्पनीका कार्यकारी निर्देशक मोहनप्रकाश चन्दले सरकारले दिएको बजेट सीमा परिधिभित्र रही जनघनत्व र आवश्यकताका आधारमा निर्धारण गरिएको कोटाअनुसार खाद्यान्न उपलब्ध गराइने बताए ।



दशैंलगायतका चाड पर्वका असरमा दिएको छुटलाई दृष्टिगत गरी तत्कालको आवश्यकताभन्दा बढी खाद्यवस्तुको सङ्कलन गर्ने कार्यले कहीँकतै भिडभाडका घटना भएको हुनसक्ने कम्पनीको भनाइ छ ।

उनले भने, 'आवश्यकताअनुसारको खाद्य वस्तु खरिद गरी सहयोग पुऱ्याउन कम्पनी सबै उपभोक्तासँग हार्दिक आह्वान गर्दछ ।' उक्त संस्थाले मुलुकका ४१ जिल्लाका ४५ स्थानबाट सहुलियत दरमा चामल, दाल, तेल, नुन, चीन र गेडागुडी लगायतका गुणस्तरीय खाद्यवस्तु बिक्री वितरण गर्दै आएको छ ।

दशैंलगायतका महत्वपूर्ण चाडका अवसरमा निजी क्षेत्रको तुलनामा अनुभव हुने गरी छुटको व्यवस्था गरिएको जनाउँदै कम्पनीले दुरदराजका जनतालाई सहजरुपमा खाद्यान्न पाउन भन्ने हेतुले विभिन्न स्थानमा बिक्री केन्द्र स्थापना गरिएको जनाएको छ ।

कतिपय दुर्गम जिल्लामा स्थानीयपालिका, वडा, आमासमूह र सहकारीसँग मिलेर सहुलियत दरमा सरल ढङ्गबाट अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन कम्पनीको प्रयास जारी छ ।

चाडबाडअघि नै अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन टेण्डर भई ढुवानीको काम शुरु भइसकेको जनाउँदै कम्पनीले टेण्डर नपरेका कतिपय स्थानमा भने छोटो प्रक्रियाका आधारमा हेलिकप्टरद्वारा पुऱ्याइने जनाएको छ ।

कम्पनीबाट सञ्चालन गरिएको सुपथ मूल्य पसलको बिक्रीवितरण र मागको आकर्षण रहेको जनाउँदै काठमाडौं उपत्यकालगायतका सहरमा अनलाइन मागका आधारमा घरदैलोमै सेवा दिइरहेको जनाएको छ ।

कम्पनीबाट उपलब्ध हुने खाद्यान्न बजार मूल्यका तुलनामा निकै सस्तो रहेको जनाउँदै उनले वर्षैभर सहुलियत प्राप्त गर्ने सोच भने त्याग्न जरुरी रहेको बताए। दशैंमा काठमाडौं उपत्यकामा हुने खसीबोकाको बिक्रीवितरणमा मूल्य सन्तुलन गर्न कम्पनीले मुलुकका विभिन्न क्षेत्रबाट खरिद गरी बिक्रीवितरण गर्दै आएको छ ।

यसअघि कम्पनीले २०५८ सालसम्म चीनको तीब्बतबाट भेडा ल्याएर बिक्री वितरण गर्ने गर्थ्यो । केही वर्षअघिसम्म मनाङ र मुस्ताङबाट च्याङ्ग्रा ल्याएर बिक्री गर्दै आएकामा मुलुकमा कोरोना सङ्क्रमणको घटनापछि त्यो काम रोकेको छ ।

# सञ्चारग्राम स्थापनामा एक करोड विनियोजन

**काठमाडौं / मस-** बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले उक्त प्रदेशमा सञ्चारग्राम स्थापना गर्न एक करोड विनियोजन गरिएको बताएका छन्। माजवादी प्रेस सङ्गठन नेपालको बागमती र उपत्यका प्रदेशको संयुक्त भेलाको उद्घाटनका क्रममा उनले सञ्चार क्षेत्रको विकासका लागि प्रदेशभित्र स्थापना गरिएका सबै सञ्चारमाध्यमलाई नवीकरण दस्तुर छुट दिएको बताए। मुख्यमन्त्री पाण्डेले समाजमा विद्यमान भ्रष्टाचारको न्यूनीकरणका लागि पत्रकार क्रियाशील भई सुशासन कायम गर्न सकिने र उनीहरुका सङ्गठनमा संविधानअनुसारको विभाग राख्न उपयुक्त हुने बताए।



नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का उपमहासचिव जगन्नाथ खतिवडाले समाजमा भएका घटनाको सत्यतथ्य सूचना सञ्चार क्षेत्रले यथार्थ तथा निष्पक्ष भई प्रस्तुत गर्नुपर्ने बताए। सो पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख खतिवडाले जनताको सामाजिक रुपान्तरणका लागि सञ्चारकर्मी संवेदनशील हुनुपर्नेमा बताए । उनले पार्टीले आसन्न निर्वाचन प्रचारका लागि जिल्ला, प्रदेशका प्रचार कमिटीसँग समन्वय गरिरहेको छ भने ।

नेपाल पत्रकार महासङ्घका सचिव गोविन्द चौलागाईंले श्रमजीवी पत्रकारका सेवासुविधा कटौती गर्न थालिएकामा चिन्ता व्यक्त गरे । वरिष्ठ पत्रकार किशोर श्रेष्ठ, समाजवादी प्रेस सङ्गठनका उपाध्यक्षत्रय विश्वमणि सुवेदी, नवराज छतकुली र शान्तराम बिडारी, पत्रकार ध्रुव रायमाझीलगायतले समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। उक्त भेलाले उपत्यका र प्रदेशमा केही कमिटी निर्माण गरी जिम्मेवारी तोक्नेछ।

**Invitation for Bids**

**Dharan Sub Metropolitan City**
**Office of Municipal Executive**
**Invitation for Bids No: 02/DHARAN/GOODS/NCB/079/80**
**Date of publication:2079-06-09 [Second Time]**

1. Dharan Sub Metropolitan City invites electronic bids from Nepalese eligible bidders for the Purchase of Back Hoe Loader under National Competitive Bidding procedures. The estimated amount for the works is Rs.4380531 without VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

**मलेसियामा रोजगारको अवसर** | कम्पनी: TERNAKAN KAMRAN SDN.BHD
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२६४ L.T. No.: 271322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १६ गते (2 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Triveni Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4387601, 4387608, Fax.: 4389258, Email: triveni.oversear341@gmail.com

**MALAYSIA मा रोजगार** | कम्पनी: perusahaan perkayuan Wan Feng Sdn. Bhd.
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१८८२६५ LT. No.:272604

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १६ गते (2 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AMO अल मून ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोन: ०१-४९८९७१८,०१-४९८९७१९

**Provincial Government**
**Ministry of Road Infrastructure and Urban Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Bhojpur, Province No. 01, Nepal**

**Invitation for Bids**

**IFB No.: 03/078/79**
**First Date of Publication: 2079-06-09 (25th September, 2022)**

1. Infrastructure Development Office, Bhojpur Invites electronic bids only from eligible bidders for the Construction of the following long span Suspension trail bridge (LSTB) on Construction Turnkey Package from eligible bidders:

| S. N. | Contract Identification Number | Description and Location of work | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Fee for Bid Document |
|---|---|---|---|---|---|
| 1 | Contract ID NO.: IDO/ BHO/W/NCB-27/079/80 | Supply, Fabrication, Erection, Transportation and Construction of Lamsuwaghat Long Span Suspension Trail Bridge Under Construction Turnkey Package | **Average Annual Construction Turnover :** NRs. 2,30,00,000.00 **Experience :** Should have Completed 2 Long Span Suspension Trail Bridge of length not less than 162 m of N Type within the last 10 years | 8,45,000.00 | NRs. 5000.00 |

2. **Bid Submission and Opening:**

| Submission of Bid Date | Submission of Bid Time | Opening of bid Date | Opening of bid Time | |
|---|---|---|---|---|
| 1st November, 2022 (15th Kattik 2079) | 12.00 Noon | 1st November, 2022 (15th Kattik 2079) | 13.00 Hrs | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Bidders Should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. **Revenue and Dhaurauti Details:**

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Infrastructure Development Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur | 1000200010000(Rajaswa) | 14229 (Revenue) |
| Province Treasury Controller Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur | 2040100202030000(Dharauti) | Office Code:3370107011 |

4. If the last date of purchasing, submission and opening falls on government holiday then the next working day shall be considered at last day. In such case the validity period of bid security shall remain the same as specified for the original last date of bid submission.
5. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

**Office Chief**

# साउदीका युवराज सलमानको प्रयास सह्रानीय :मौलाना मशहुद

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ८ असोज





राष्ट्रिय मदरसा संघ नेपालका राष्ट्रिय अध्यक्ष डा. अब्दुल गनि अल्कूफीले साउदीका युवराज मोहम्मद बिन सलमान रूस र युक्रेन बीच मध्यस्थता गराउन राम्रो पहल रहेको भन्दै युवराजको पहल सह्रानीय रहेको बताएका छन् । उनले साउदी सरकार सँधै मानवताको पक्षमा रहेको समेत जिकिर गरे ।

यस्तै लुम्बिनी प्रदेश मदरसा बोर्ड उपाध्यक्ष मौलाना मशहुद खां नेपालीले साउदी सरकारले रूस र युक्रेन बीचको युद्ध रोक्न पहल गर्ने र राजकुमारको कदम सराहनीय रहेको तथा साउदी सरकार विश्वमा शान्ति कायम रहोस् भन्ने चाहना स्पष्ट देख्न सकिने बताए ।

यसैगरी राष्ट्रिय मदरसा संघ नेपालका उपाध्यक्ष शैख जैस मक्की लगायत अन्यले समेत साउदीका युवराज मोहम्मद बिन सलमानको पहल प्रशंसनीय रहेको बताएका छन् ।

साउदी अरबको मध्यस्थतामा रुस र युक्रेनबीच युद्धबन्दी आदानप्रदानको विषयमा सहमति भएको छ । एएफपी समाचार एजेन्सीको रिपोर्टमा रुसले शुक्रबार राष्ट्रपति भ्लादिमिर पुटिन र साउदी युवराज मोहम्मद बिन सलमानबीच फोनमा कुराकानी भएको र राष्ट्रपति पुटिनले सम्झौताप्रति सन्तुष्टि व्यक्त गरेको बताएको हो ।

क्रेमलिनले एक विज्ञप्ति जारी गर्दै भनेको छ, 'बिहीबार अबेर राति भएको यस फोन वार्तामा दुवै नेताले युद्धबन्दी बनाइएका विदेशी नागरिकलाई साउदी अरेबियामा हस्तान्तरण गर्ने कार्यमा भएको प्रगतिप्रति खुसी व्यक्त गरेका छन् । साउदी युवराजको निजी मध्यस्थताका कारण यो सम्झौता सम्भव भएको हो।' युद्धबन्दी आदानप्रदान सम्झौताको एक भागको रूपमा युक्रेनलाई मारिउपोलमा अजोभस्टल स्टिलवर्क प्लान्टको रक्षा गर्दा रुसविरुद्ध लडेका सैनिकहरूसहित २१५ युद्धबन्दीहरूलाई हस्तान्तरण गरेको छ ।

यी युद्धबन्दीमा बेलायत, अमेरिकीसहित १० विदेशी नागरिक पनि छन् । यी मानिसहरूलाई साउदी अरबको जिम्मा लगाइएको छ । बदलामा युक्रेनी पूर्वसांसद भिक्टर मेदवेदचुकसहित ५५ कैदीलाई रुसलाई सुम्पिएको छ । भिक्टर मेदवेदचुक पुटिनको नजिक मानिन्छन् र युक्रेनमा उनीमाथि देशद्रोहको आरोप छ ।

# जनताको घर आँगनमै पुगेर सामाजिक सुरक्षा भत्ता

**कमल खड्का/मध्यान्ह**
रोल्पा, ८ असोज




रोल्पाको रुन्टीगढी गाउँ पालिकाले पहिलो पटक प्रत्येक वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने भएको छ । पहिले विभिन्न बैंकमार्फत वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्ता अहिले राष्ट्रिय वाणिज्य बैंक मार्फत प्रत्यक वडा स्तरबाटै वितरण गर्ने तयारी गरेको छ ।

बैंक कार्यलयबाट वितरण गर्दा दुरी ताढा भएका सेवा ग्राहीलाई समस्या भएकोले अब सेवाग्राहीलाई जनताको लागि वडा स्तरमा बैंक पुगेर वितरण गर्न लागिएको हो । यसो गर्दा टाढा बाट बैंक आउने सेवा ग्राहीले घर आँगनमै पुगेर सेवा दिएझैं महसुस हुने अनुमान गरिएको छ । यो सेवाले अशक्त ,अपांग, वृद्धवृद्धाहरुलाई फाईदा पुग्ने समेत आँकलन गरिएको छ । जस्को जिम्मा राष्ट्रिय बाणिज्य बैंकले लिएको छ । यसअघि अन्य बैंकबाट बुझ्दै आएका लाभग्राहीले अब त्यहाँबाट प्राप्त गर्न सक्ने छैन्न । पहिलो चरणको सामाजिक सुरक्षा भत्ता वडा नः- ९ को सर्पालबाट शुरु गरिने रुन्टीगढी गाउँ पालिका अध्यक्ष जनक पुनले जानकारी दिए ।

सेवाग्राहीलाई भत्ता लिन आउँदा राष्ट्रिय वाणिज्य बैंकको चेक लिएर असोज १० गते बिहान १० बजे आउन समेत आग्रह गरिएको छ । यसरी नै क्रमिक रुपमा अन्य वडाहरुमा पनि वितरण गरिने भएको छ । तर पाएकपर्ने लाभग्राहीले भने राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालय होलेरी रोल्पाबाट पनि भत्ता बभ्न सकिनेछ ।

# सर्लाहीका बजारमा छापा, व्यापारी भागाभाग

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, ८ असोज





सर्लाहीको लालबन्दी र हरिवन बजारका खाद्यान्नका गोदामहरुमा छापा मारिएको छ । लालबन्दी बजार र हरिवन बजारका खाद्यान्नका गोदामहरुमा नेपाली उपभोक्ता संरक्षण महासंघ मधेश प्रदेश, करदाता सेवा कार्यालय लालबन्दी र स्थानीय प्रहरी प्रशासनले छापा मारेको हो ।

सशस्त्र प्रहरीको टोलीले नयाँ रोडबाट ठूलो मात्रामा भनसर छलीको ड्यू (चिसो पिय पदार्थ) बरामद् गरेपछि नेपाली उत्पादनले बजार नपाएको आशंका गर्दै लालबन्दी र हरिवन बजारका खाद्यान्नका गोदामहरुमा छापा मारिएको नेपाली उपभोक्ता संरक्षण महासंघ मधेश प्रदेशका अध्यक्ष प्रमोद प्रसाद थपलियाले मध्यान्हलाई बताए ।

भारतबाट अखाद्य वस्तुहरु अवैध तरिकाबाट निर्वाधरुपमा नेपाल भित्रिँदा गुणस्तरीय नेपाली उत्पादनले बजार नपाउने र भारतबाट अखाद्य वस्तुहरु नेपाली उपभोक्ताहरुको भान्सामा पुग्दा धेरै प्रकारका स्वास्थ्य समस्या समेत आउने गरेका कारण आफुहरुले करदाता सेवा कार्यालय लालबन्दी र स्थानीय प्रहरी प्रशासनको सहयोगमा शंकास्पद गोदामहरुमा छापा मारेको नेपाली अध्यक्ष थपलियाले जानकारी दिए ।

सो क्रममा म्याद गुज्रेका, बिलविजक नभएका र भन्सार छलीका सामानहरु फेला परेका करदाता सेवा कार्यालय लालबन्दीका प्रमुख सुरेन्द्र प्रसाद मण्डलले मध्यान्हलाई बताए । बिलविजक आफुहरुले हेरेको र म्याद गुज्रे नगुज्रेको नेपाली उपभोक्ता संरक्षण महासंघले हरेको उनले बताए ।

त्यस्तै बिलविजक नभएको, खरिद तथा बिक्री बिल नभएका व्यापारीहरुलाई सचेत गराइएको र भन्सार छली ल्याइएका सामाग्रीहरु नियन्त्रणमा लिएर ईलाका प्रहरी कार्यालय हरिवनलाई नष्ट गर्न बुझाइएको करदाता सेवा कार्यालय लालबन्दीका प्रमुख मण्डलले बताए ।

लालबन्दी बजारको रस्मी कोल्ड स्टोर्स र हरिवन बजारको सन्तोष डिलर, अनिल किराना पसल, पुजा किराना पसल लगायतका शंकास्पद पसलहरुमा सरोकारवालाहरुको टोलीले छापा मारेको ईलाका प्रहरी कार्यालय हरिवनका प्रहरी प्रमुख प्रहरी निरीक्षक मुकेश ताम्राकारले मध्यान्हलाई जानकारी दिए ।

जिल्लाका अधिकांश बजार हरुमा भनसर छलीका सामानहरुका साथै खरिद बिक्री बिलविजक जारी नगरी काम गर्ने गरिएको भएपनि भर्खरै गठन भएको नेपाली उपभोक्ता संरक्षण महासंघ आफैंले बजार अनुगमन गर्ने र समस्यामा परेका उपभोक्ताहरुका साथै व्यापारी व्यावसायीहरुका गुनासालाई अन्य सरोकारवाला निकायसम्म पुऱ्याई समस्या समाधान गर्ने काम शुरु गरेको छ । बजार अनुगमनमा सरोकारवालाहरुको टोली निस्केपछि गैरकानूनी काम गर्ने व्यापारीहरु आफ्ना पसलहरु बन्द गरेर भागेको नेपाली उपभोक्ता संरक्षण महासंघ मधेश प्रदेशले जनाएको छ ।

## अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस

# धरहरामा निलो बत्ति बालियो



**काठमाडौं/मस**-राष्ट्रिय बहिरा महासंघको मूल आयोजना तथा अन्य विभिन्न संघसंस्थाको समन्वय तथा सहयोगमा काठमाडौंको धरहरामा निलो बत्ति बालेर सांकेतिक भाषाहरुको अन्तराष्ट्रिय दिवस मनाईएको छ ।

कार्यक्रममा करिव डेढ सयको संख्यामा बहिरा तथा सुनावाई सम्बन्धि अपाङ्गता भएका नागरिक र अपाङगता अधिकारको आन्दोलनमा क्रियाशिल व्यक्तिहरुको सहभागिता रहेको थियो । 'सांकेतिक भाषाहरुले हामीलाई एकतावद्व गर्दछन्' भन्ने भन्ने मूल नाराका साथ नेपाल लगायत विश्वभरका २०० भन्दा बढी देशमा विभिन्न कार्यक्रमका साथ २३ सेप्टेम्बर शुक्रवारका दिन सो दिवस मनाइएको हो ।

कार्यक्रममा भाषा आयोगकी कार्यवाहक अध्यक्ष डा. उषा हमाल, हेण्डिकेप इन्टरनेशनलकी कन्ट्री डाइरेक्टर, राष्ट्रिय अपाङ्ग महासंघका महासचिव राजु बस्नेत, उपाध्यक्ष रमा ढकाल, अपाङगता भएका महिलाहरुको महासंघकी अध्यक्ष निर्मला धिताल,आइडिएकी विष्णु सापकोटालगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको प्रमुख अतिथिका रुपमा रहेकी भाषा आयोगकी कार्यबाहक अध्यक्ष डा.हमालले सांकेतिक भाषाको विकास तथा विस्तारका सन्दर्भममा भाषा आयोग गम्भीर रहेको बताइन् । बहिरा नागरिकको प्रमुख संचारको माध्यममा रहेको सांकेतिक भाषाको प्रर्वद्धनमा आयोगकातर्फवाट आवश्यक सहयोगका लागि आफुहरु तयार रहेको हमालले बताइन् ।

सञ्चारमा पहुँच नै बहिरा समुदायको पहिलो सवाल भएको भन्दै बहिरा नागरिकहरुको पहिलो भाषा सांकेतिक भाषाको पर्याप्त विकास हुन नसकेको राष्ट्रिय बहिरा महासंघका अध्यक्ष केपी अधिकारीले बताए । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि समितिको समेत प्राथमिकतमा परेको नेपाली सांकेतिक भाषा अनुसन्धान तथा विकास केन्द्रको स्थापना एवं सांकेतिक भाषाको विकास अझै अलपत्र परेको ठहर महासंघको रहेको अधिकारीले बताए । बहिरामैत्री पाठ्यक्रम, पाठ्यपूस्तक, शिक्षण तथा मूल्यांकन पद्धतिको विकास हुन नसकेको, अधिकार भएरपनि बहिरा सञ्जाल, सांकेतिक भाषा, दोभाषे सेवा विकास र बहिरा संस्कृतिको विकासतर्फ राज्यको ध्यान पुग्न नसकेको महासंघका अध्यक्ष अधिकारीले सो अवसरमा बताएका थिए ।

# मानव सहायता समूहद्वारा मृगौला पीडितलाई आर्थिक सहयोग



काठमाडौं/मस- मानव सहायता समूह नेपालले मृगौला पीडित मनोजकुमार पहरीलाई आर्थिक सहयोग गरेको छ ।

'समाजका लागि म, मेरो लागि समाज' मूल नाराका साथ स्थापित समूहले काभ्रेको पाँचखाल -९ का २५ वर्षीय मुटु, मृगौला तथा फोक्सोको रोगबाट ग्रसित पहरीको उपचारका लागि ८० हजार रुपैयाँको चेक हस्तान्तरण गरेको हो ।

साथै समूहले ललितपुर नखुटोलस्थित अनाथ बालबालिका संघमा रहेका बालबालिकालाई भोजनसमेत गराएको छ ।

समूहले टिकटकको माध्यमबाट जोडिएका देशविदेशमा रहेका विभिन्न सहयोगी हातबाट रकम संकलन गरेर सडकमा वेवारिसे रहेका विपन्न, अनाथ बालबालिकालाई सहयोग गर्दै आएको छ ।

अनाथ बालबालिकाका संघमा गरिएको कार्यक्रममा संस्थाका अध्यक्ष टीकाप्रसाद तिमिल्सिना, उपाध्यक्ष सुरेश लामा, कोषाध्यक्ष एका कुमारी तिमिल्सिना, ज्ञान सिलवाल, सावित्री न्यौपाने, अनाथ बालबालिका संघका अध्यक्ष रिता राई लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा संस्थाका अध्यक्ष टीकाप्रसाद तिमिल्सिनाले विगत तीन वर्षदेखि देशका विभिन्न भागमा पुगेर विविध संस्थाहरुमा छरिएर रहेका अनाथ बालबालिका, वृद्धवृद्धालाई स्वास्थ्य, शिक्षा र पालन पोषणमा सहयोग गरिरहेको बताए ।

मानव सहायता समूहका उपाध्यक्ष सुरेश लामाले सहयोगी दाताहरुलाई धन्यवाद व्यक्त गरे । अनाथ बालबाटिका संघका बालबालिकाहरुलाई मोरङ्गको विराटनगरस्थित मदन ओझाको जन्मदिनको उपलक्ष्यमा बालबच्चालाई भोजन गराउन उनकी छोरी दिव्या ओझामार्फत् संस्थाका अध्यक्ष रिता राईलाई १० हजार नगद हस्तान्तरण गरिएको थियो ।

रिता राईले समेत आफ्नो विचार राख्दै २०५५ सालदेखि १७ वर्षको उमेरबाटै टुहुरा अनाथ बालबालिकाको सेवामा लागिरहेको बताइन् ।

अहिले संस्थामा ३५ जना नानीहरुको आमा बनेर सेवा गरिरहेको उनले जानकारी दिइन् । बालबालिकाको लालन पालन र शिक्षाको लागि २ रोपनी जग्गासमेत बिक्री गर्नुपरेको उनले सुनाइन् । आफ्नो सबै जायजेथो संस्थालाई दिएको उनको भनाइ छ । 'हामीले कसैसँग मागेर काम गरिरहेको छैनौं, मैले अचारको व्यापार व्यवसायसमेत गरेर आर्थिक उपार्जन गरी संस्थामा रहेका बालबालिकाको भविष्यको लागि दिनरात खटेको छु' उनले भनिन् ।

**Invitation for Sealed Quotation**

**Bhairabi Rural Municipality, Dailekh**
**Bhairabi, Kalika, Dailekh**
**Invitation for Sealed Quotation for the procurement of Procurement and Transportation of Steel Parts of Trial Bridge**
**Sealed Quotation No: BRM/SQ/WORKS/2078/079-01**
**Date of Publication :25-09-2022**

1. The Bhairabi Rural Municipality, Dailekh invites sealed quotations from registered Suppliers for the Procurement and Transportation of Steel Parts of Trial Bridge.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Kalika Bazar, Dailekh, 9858078401, bikashbista1233@gmail.com.
   OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Bhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh and the officeBhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 10-10-2022 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :Civil Bank Ltd. ii. Name of Office :Bhairabi Rural Municipality, Dailekh
   iii. Office Code no : iv. Office Account No :06610182906098
   v. Rajaswa (revenue) Shirshak No :
5. Sealed bids must be submitted to the office Bhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 10-10-2022 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10-10-2022 13:00 at the office of Bhairabi Rural Municipality, Dailekh, Kalika Bazar, Dailekh, Karnali Province, Nepal.
   Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 25000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[06610182906047] at [Civil Bank Ltd., Civil Bank, Bhairabi 4 Dailekh] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# युक्रेनमा 'जनमत संग्रह' भोटका लागि घरघरमा सेना



**काठमाडौं/एजेन्सी–** रुसमा सामेल हुनको लागि स्व-शैलीको 'जनमत संग्रह'को लागि भोट संकलन गर्न देशका कब्जा गरिएका भागहरूमा सशस्त्र सेना घर-घर गएको युक्रेनीहरुले बताएका छन्। 'तपाईंले मौखिक जवाफ दिनुपर्छ र सिपाहीले पानामा जवाफ चिन्ह लगाउँछ र राख्छन्', एनरहोडरकी एक महिलाले बीबीसीलाई भनिन्।

दक्षिणी खेरसनमा रुसी सुरक्षाकर्मीहरू जनताको मत संकलन गर्न शहरको बीचमा मतपेटिका लिएर उभिएका बताइएको छ। घर-घरमा मतदान 'सुरक्षा' का लागि भएको रुसी सञ्चार माध्यमहरुले प्रचार गरेका छन्।

विज्ञहरूका अनुसार पाँच दिनसम्म चल्ने स्वघोषित जनमतसंग्रहले रुसलाई युक्रेनका चार ओगटेका वा आंशिक रूपमा कब्जा गरिएका क्षेत्रहरू गैरकानूनी रूपमा आफ्नो दाबी गर्न अनुमति दिनेछ।

रुसी अतिक्रमणपछिको सात महिनामा यो आफ्नोमा विलय गर्ने छद्म मतदान हुनेछ। यसरी गाभ्ने कामले अन्तर्राष्ट्रिय मान्यता पाउनेछैन तर त्यसले गर्दा रुसले आफ्नो भूभागमा पश्चिमा देशहरूले युक्रेनलाई दिएका अस्त्र प्रयोग गरेर आक्रमण भएको दाबी गर्ने अवस्था सिर्जना हुनसक्छ। त्यसले युद्धलाई थप चर्काउनेछ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले जनमतसंग्रहको निन्दा गरे। रुसीले अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरी बल प्रयोग गरेर युक्रेनको भागहरू गाभ्ने प्रयास गर्ने 'झुटो बहाना' भएको बताए। बाइडनले त्यसलाई अन्तर्राष्ट्रिय कानूनको उल्लंघन समेत भने। 'अमेरिकाले युक्रेनी भूभागलाई युक्रेनी हिस्साबाहेक अन्य केही रूपमा मान्यता दिनेछैन,' उनको भनाइ छ।

ब्रिटिश विदेशमन्त्री जेम्स क्लेभर्लीले 'यी छद्म जनमतसंग्रहमा नक्कली मतदानको संख्या र त्यसको स्वीकृत दरका लागि' रुसी अधिकारीहरूले लक्ष्यहरू तोकिसकेको प्रमाण यूकेसँग भएको बताएका छन्। क्लेभर्लीले रुसले चारवटा क्षेत्रहरू (लुहान्स्क, डोनेट्स्क, खेअर्सन र जापोरीजा) लाई यस महिनाको अन्त्यसम्ममा रुसमा गाभ्ने कामलाई औपचारिकता दिने योजना बनाएको बताए।

खेअर्सनस्थित एक स्रोतले बीबीसीलाई बताएअनुसार मतदानमा सहभागिताका लागि जनस्तरमा उत्साह देखिएको छैन र कुनै प्रयास भएको छैन। रुसी समाचारसंस्थाको घोषणामा भने १० वर्षदेखि प्रयोगमा नरहेको एउटा भवनमा मतदान हुने घोषणा गरिएको छ। खेअर्सनमै रहेकी अर्की एक महिलाले मतदान भएको देखिने ठाउँबाहिर सशस्त्र लडाकुहरू देखेको बताइन्।

उनले मतदान गर्न नपरोस् भनेर आफूले पासपोर्ट बिर्सिए झैं गरेको बताइन्। ती महिला आफू र आफ्नो परिवारका सदस्यहरू जनमतसंग्रहको विपक्षमा रहेको बताउँछिन्। 'यस जनमतसंग्रहपछि हाम्रो जीवन कस्तो हुन्छ भन्ने हामीलाई थाहा छैन,' उनले भनिन्, 'उनीहरूले के गर्न खोजेका हुन् भनेर बुझ्न निकै कठिन छ।'

किएभले जनमतसंग्रहले केही परिवर्तन नगर्ने र युक्रेनी सैनिकहरू आफ्ना भूभाग मुक्त पार्न अघि बढिरहने बताएको छ।

यसैबीच युक्रेनको सैन्य कारबाहीका परिचालन अभियान बीच रूसी सेनाको सैन्य बन्दोबस्तीको जिम्मेवारीमा रहेका आफ्ना उच्च पदस्थ जनरलको प्रतिस्थापन गर्ने घोषणा रूसले शनिबार गरेको छ।

# पाकिस्तानी प्रधानमन्त्रीद्वारा भारतसँग शान्तिको आह्वान



**काठमाडौं/एजेन्सी–** पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले संयुक्त राष्ट्रसंघ महासभामा कश्मीर मुद्दा उठाउँदै भारतसँग आफ्नो देशले शान्ति स्थापनाको र शान्तिपूर्ण व्यवहारको अपेक्षा गरेका छन्।

'हामी भारतलगायत हाम्रा सबै छिमेकीहरूसँग शान्ति खोज्छौं, दक्षिण एसियामा दिगो शान्ति र स्थिरता चाहेका छौं तथापि यो कार्य भने जम्मु र कश्मीर विवादको न्यायपूर्ण र दिगो समाधानमा निर्भर रहन्छ' उनले भने। भारत कश्मीरका सम्बन्धमा पुरानो केन्द्र शासित क्षेत्र भारतको अभिन्न अङ्ग हो भन्ने आफ्नो लामो समयदेखि अडानमा अडिग रहेको छ।

'भारतले रचनात्मक संलग्नताको लागि सक्षम वातावरण सिर्जना गर्न विश्वसनीय कदमहरू चाल्नै पर्छ। हामी छिमेकी हौं र हामी सधैंभरि त्यहाँ छौं, हामी शान्तिमा बस्ने कि एकअर्कासँग लडिरहने भन्ने छनोट हाम्रो हो,' पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले महासभामा भनेका छन्।

'सन् १९४७ यता हामीले तीनवटा युद्ध गरिसकेका छौं र त्यसको फलस्वरूप दुवै पक्षमा दुःख, गरिबी र बेरोजगारी मात्र बढेको छ। अब हाम्रा मतभेद, समस्या र तिनको शान्तिपूर्ण वार्ता र छलफलबाट समाधान गर्ने जिम्मा पनि हाम्रै हो।

संयुक्तराज्य अमेरिकाको न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसंघको ७७ औं महासभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। प्रधानमन्त्री शेहबाज शरीफले देशमा भर्खरै आएको विनाशकारी बाढी र त्यसले पारेको असरका बारेमा पनि सम्बोधन गरेका छन्।

'यो बाढीमा ४०० भन्दा बढी बालबालिका सहित १५०० भन्दा बढी मानिसहरूको मृत्यु भएको छ। बाढीका कारण थुप्रै कुपोषणको जोखिममा छन्। पाकिस्तानमा बाढीका कारण एक करोड ८० लाख अमेरिकी डलर बराबरको नोक्सानी भएको छ भने प्रकोपबाट झण्डै ८० लाख मानिस विस्थापित भएका छन्।

# काबुलमा भएको आक्रमणको राष्ट्रसंघद्वारा निन्दा



**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले अफगानिस्तानको राजधानी काबुलस्थित एक मस्जिदअगाडि शुक्रबारको प्रार्थनापछि भएको आक्रमणको निन्दा गरेका छन्।

महासचिव गुटेरेसले मृतकका परिवारप्रति समवेदना प्रकट गर्नुका साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको प्रवक्ता स्टेफन दुजारिकले नियमित प्रेस ब्रिफिङमा जानकारी दिए।

अफगानिस्तानको राजधानी काबुलस्थित वजीर मोहम्मद अकबर खान मस्जिदमा भएको विस्फोटमा परी सात जनाको मृत्यु भएको छ भने ४१ जना घाइते भएका छन्।

शुक्रबार दिउँसो मस्जिदको मुख्य प्रवेशद्वारअगाडि एउटा गाडीमा राखिएको बम विस्फोट भएको थियो। गत वर्षको अगष्टमा तालिबानले सत्ता कब्जा गर्नुअघि कैयौं दूतावास रहेको पूर्व 'ग्रीन जोन'भन्दा केही पर रहेको वजीर अकबर खान मस्जिदको प्रवेशद्वार नजिकै विस्फोट भएको थियो।

यस मस्जिदमा अहिले तालिबानका वरिष्ठ कमाण्डर र लडाकुहरू उपस्थित हुने गरेका छन्। विष्फोट हुँदा उपासकहरू शुक्रबारको नमाज पढेर धार्मिक स्थलबाट बाहिर निस्किरहेका थिए। यस आक्रमणको जिम्मेवारी शनिबार अपरान्ह्सम्म कुनै पनि समूह वा व्यक्तिले लिएको छैन।


# षडानन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दिङ्ला, भोजपुर
१ नं. प्रदेश, नेपाल

## नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) संकलन, उत्खनन् तथा बिक्री कर संकलन गर्ने कार्यको बोलपत्र सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०६/०९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. र प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ (२) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुकफर्म वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागारिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि.नं | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन.फिट) | न्यूनतम बोलपत्र रकम(सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| १ | SM/NCB/ Rajaswa/ 04/2079/80 | Internal revenue collection and sale of River based materials (Stone, Gravel, Aggregate and Sand) of Arun River, in Shadananda Municipality, Bhojpur. | Stone, Gravel, Aggregate: 366912.00 Cu ft<br>Sand: 123480.00 Cu ft | 27,88,000.00 | मू अ कर सहित कबोल रकमको ५% ले हुन आउने धरौटी रकम रू (कम्तिमा ज्ञद्दण दिन म्याद भएको बैंक जमानत) | ३०००।०० |

**शर्तहरूः**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र ,आ.ब.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र राष्ट्रिय बाणिज्य बैंक लि.शाखा कार्यालय दिङ्लामा रहेको यस कार्यालयको खाता नं. २२९०१००३०१०१०००२ (ग १.१ आन्तरिक राजश्व खाता) मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिबाट अन्तिम दिनको कार्यालय समय भित्र www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहारू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यायलको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तै पछिको कार्यालय खोल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।माथि उल्लिखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि.शाखा कार्यालय दिङ्लामा रहेको यस कार्यालयको खाता नं. २२९०१००३०३००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड स्क्यान गरी E–bidding मार्फत पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी मिति २०७९/०६/२६ गते दिनको १२.०० बजे भित्र विधुतीय माध्यमद्वारा अपलोड गर्नु पर्ने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आय कर तथा अन्य वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ।यस नगरपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



# Melamchi Municipality
## Office of the Municipal Executive
Melamchi, Sindhupalchok

## Invitation for Bids

**Date of First Publication: 2079/06/09**

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S.N | Name of the Project/ Contract Identification No. | Bid Security Amount NRs | Price of Bid Document NRs | Estimate Amount (Exclusive of VAT and Contingencies) | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Medicine and Medical Equipments. (MMSI/ GOODS/NCB/2079-80/04) | NRs.300,000 | NRs.3000.00 | | 2079/07/08, 12:00 Hrs. | 2079/07/08, 13:00 Hrs |

1. Eligible Bidders may obtain further information from the Office of the Municipal Executive,Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089,Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.
2. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders should deposit the cost *mentioned above* of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti(Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

# ‘आफु कहाँ छु भन्ने कुरा कामले तय गर्छ’

नेपाली कला क्षेत्रको उत्थान र विकासको लागि आफ्नो अतुलनीय योगदान दिँदै आएका कुशल छायाँकार हुन् लालमणि पौडेल । दर्जनको हाराहारीमा म्युजिक भिडियो, टेलिभिजन कार्यक्रम छायांकन गर्न भ्याएका छायाँकार लालमणि पौडेल सिनेमाटोग्राफरको भिडमा आफूलाई छोटै समयमा अब्बल छायाँकारको रुपमा चिनाउन सफल छन् । पौडेल कला क्षेत्र वा चलचित्रलाई मनोरञ्जन र समाज परिवर्तनको संवाहक मान्छन् । उनी कला क्षेत्रप्रति लगाव राख्दै यसै क्षेत्रमा निरन्तर लागि परिरहेका व्यक्ति हुन् । नेपाली चलचित्र र नेपाली मनोरञ्जनात्मक उत्पादन विश्व बजारसम्म पुग्नुपर्ने र यस क्षेत्रका अग्रज हस्तीहरु यो विषयमा अलि बढी सक्रिय हुने हो भने नेपाली चलचित्रले पनि विश्वबजारमा राम्रै स्थान पाउन सक्ने उनको धारणा छ । । नेपाल टेलिभिजनबाट प्रत्येक शनिबार बिहान ९ बजे प्रशारण हुँदै आएको कार्यक्रम विकास र बहसमा हालसम्म क्रियाशील उनले विशेषगरी आधुनिक कृषि उत्पादन, व्यवसायिक कृषिपालन र वस्तुको विविधीकरण सम्बन्धी थुप्रै वृत्तचित्र छायाँकन गारिसकेका छन् । बुद्धभूमि न.पा.२ गोरुसिंगे, कपिलवस्तुका स्थानीय वासिन्दा पौडेल हाल काठमाडौंलाई कर्मथलो बनाउँदै आइरहेका छन् । युनिटमा सबैसँग मिलेर सहकार्य गर्न रुचाउने लालमणि पौडेलले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**केमा व्यस्त हुनुहुन्छ ?**

टेलिभिजन कार्यक्रमको नियमित काम त छँदैछ त्यसको अलवा पनि वृत्तचित्र, म्युजिक भिडियो, एड फिल्महरुको छायांकनमा समय खर्चिरहेको छु ।

**काम गर्न रिलमा कि डिजिटलमा सजिलो ?**

रिलबाट डिजिटल जमाना आयो, रिलको जमानामा सबै कलाकार प्राविधिकहरु अनुसाशित हुन्थ्यौं, समयको महत्व ज्यादा हुन्थ्यो, हरेक डिपार्टमा काम गर्नेको आफ्नै भ्यालु हुन्थ्यो । अहिले डिजिटलको जमाना छ, हात हातमा डिजिटल क्यामेरा, मोबाइल छ जहाँ जो सुकै निर्देशक बन्न सक्छ, क्यामेराम्यान बन्न सक्छ, अहिले धेरै सजिलो छ ।

**अहिले बनिरहेको सिनेमाको विषयवस्तु कस्तो लाग्छ ?**

पछिल्लो समय निर्माण भएका चलचित्रहरु पनि धेरै राम्रा छन्, मिहेनत गरेर बनाएका छन्, विषयवस्तु जस्तो उठाए पनि त्यस्को प्रस्तुतीकरण कस्तो छ भन्ने चासो हुन्छ हामी मेकरलाई । सबैको विषयवस्तु बुझ्नु भन्दा पनि कुन टिमबाट कस्तो सिनेमा निर्माण हुन्छ भन्ने अनुमान लगाउन सकिन्छ त्यति नै हो ।

**कोरोना कहरपछि अब डेंगुको प्रकोपले सिनेमा क्षेत्र धरासायी बनेको छ सुधार्न के गर्नुपर्ला ?**

कोरोना कहरपछि सिनेमा क्षेत्र विश्वबजारमा नै धरासायी भएकोले सुधार्न विकल्प खोज्नु पर्छ । विश्वबजारका सिनेमाहरुलाई ओटीटी प्लेटफर्मले केही राहत दिएको अवस्था छ र त्यहाँ त्यस्तै किसिमको ओटीटी प्लेटफर्मको लागि भनेरै सिनेमा निर्माण हुन थालेका छन् । नेपालमा २,४ वटा ओटीटी प्लेटफर्म नआएका हैनन्, तर उनीहरु टिक्न सकेनन् । कारण के भने चलचित्र पाइरेसी हुने, पाइरेसी गर्ने पत्ता लागे पनि क्षतीपूर्ति उठाउन नसकिने, तुरुन्तै बजारमा फ्रिमै चलचित्र हात हातमा पुगेपछि निर्माताको लगानी, ओटीटी वालाको लगानी सबै डुबेको अवस्था छ । निर्माता बाध्य भएर समयभन्दा अगावै युट्युवमा प्रदर्शन गर्न पुग्छन् । लगानी गुमाउँछन । यसको राम्रो विकल्प भनेको नेपाल सरकारको आधिकारिक संस्था चलचित्र विकास बोर्डले नेपाली चलचीत्र बिक्री वितरण गर्ने व्यवस्था आफैंले मिलाउनु पर्छ । नेपाल सरकारको अन्य निकायले दाल चामल नुन तेल बेचे जस्तै चलचित्र विकास बोर्डको आफ्नै ओटीटी प्लेटफर्ममार्फत सिनेमा सरकारी तवरबाटै बिक्री वितरण हुने हो भने चाहिँ चलचित्र निर्माताहरुलाई पक्कै राहत मिल्छ ।



**विषयवस्तुको प्रस्तुतीकरणमा विशिष्टता ल्याउन के कुराको आवश्यकता पर्छ ?**

विषयवस्तुको प्रस्तुतीकरणमा विशिष्टता ल्याउन टेक्नोलोजीको पनि विकास गर्नु पर्छ, कस्तो विषयमा काम गर्ने हो त्यही अनुसारको टेक्नोलोजीको छनोट गर्न सक्नुपर्छ । कथाले मागेको अनुसार सुहाउँदो कलाकार, छायांकन स्थलको छनोट र पूर्णज्ञान भएका प्राविधिकहरुको छनोट गर्नु पर्छ । हतारिएर होइन संयम भएर धेरै छलफल गर्दै समय लियर काम गर्दा नतिजा प्रस्तुतीकरणमा विशिष्टता ल्याउन सकिन्छ ।

**ग्ल्यामर क्षेत्र भएर हो एकआपसमा विवाद चलिरहने ?**

ग्लामरको क्षेत्रमा मात्रै होइन विवाद हरेक क्षेत्रमा छ, नेपाल हो नि यो । तर ग्ल्यामर क्षेत्रको विवाद चाँडै मिडियामा आउने हुनाले धेरै देखिएको हो । मिडियामा आइरहने मान्छेलाई धेरैले चिनेका हुन्छन् । सानो विवाद भयो भने पनि चासो धेरै हुन्छ अनि विवाद पनि ठूलै देखिन्छ, त्यस्तै भएको होला ।

**आर्थिकरुपले आफूले रोजेको पेशा कस्तो छ ?**

सबैभन्दा ठुलो मन हो, सन्तुष्ट हुने कि नहुने भन्ने । आर्थिकरुपले आफूले रोजेको पेशा धेरै उत्कृष्ट छ, म खुसी छु ।

**पूर्णरुपले व्यावसायिक सिनेमा भनेको कस्तो हो ?**

पूर्णरुपले व्यावसायिक सिनेमा भनेको कथाबाट नै शुरु हुन्छ । प्रोफेशनल लेखकले लेखेपछि राम्रो निर्देशक जसलाई सिनेमाको ज्ञान होस् । उहाँमार्फत कथाले मागेको कथामा सुहाउँदो कलाकार राखेर दक्ष प्राविधिकको साथ मिलेर निर्माण गरेको चलचित्र जहाँ दर्शकले आफूलाई चलचित्रमा महसुस गर्न सके भने त्यो व्यावसायीक सफल चलचित्र बन्न सक्छ, जहाँ द्वन्द्व, नृत्य, रोनाधोना, हासो खुसी समेटिएको कथावस्तु हुन्छ ।

**छायाँकारको भिडमा आफूलाई कहाँ पाउनु हुन्छ ?**

छायाँकारको भिडमा आफूले आफैंलाई यहाँ छु भन्नु भन्दा पनि कामको मुल्यांकनबाट तय हुने कुरा हो जस्तो लाग्छ ।

**चलचित्रले समाजमा के सन्देश दिँदैछ भन्ने कुराले महत्व राख्छ कि राख्दैन ?**

चलचित्रले समाजमा के सन्देश दिँदैछ भन्ने कुराको महत्व ठुलो हुन्छ । एउटा किताबको अध्ययन गर्न एक वर्ष लाग्न सक्छ भने एउटा सिनेमाले दुई घण्टा मै सम्पूर्ण जानकारी दिन सक्छ । चलचित्रले दिने सन्देशको महत्व समाजमा धेरै हुन्छ, त्यसैले गहनअध्ययन गरेर चलचित्र निर्माण गर्दा समाजलाई राम्रो सन्देश दिन सकिन्छ । नकारात्मक टिकाटिप्पणीबाट बच्न सकिन्छ ।

**बलिउड लगायतका सिनेमाहरु नेपालमा सजिलै प्रर्दशन हुने, तर नेपाली सिनेमा विदेश जान नसक्नुको कारण ?**

विदेशी सिनेमाहरु नेपालमा सजिलै प्रदर्शन हुने, नेपाली सिनेमा चाहिँ विदेशमा प्रदर्शन हुन नसक्नुमा धेरै वटा क्राइटेरियाहरु छन् । जुन नेपाली सिनेमाले मीट गर्न सकेको छैन । मुख्य कुरा त टेक्नोलोजी नै हो । छायांकनमा चाहिने सम्पूर्ण उपकरण उपलब्ध नहुनु, उनीहरुको क्राइटेरिया भित्र पर्ने लेन्स क्यामेरा, अडियोको लागि चाहिने उपकरण भएर पनि क्वालिटी मीट गर्न नसक्नु, हामीसँग त्यो लेवलको दक्ष प्राविधिक नहुनु र त्यो लेवलसम्म पुगेर सिनेमा प्रदर्शन गर्ने हैसियत राखेर सिनेमा नै निर्माण नहुनु पनि कारण हो ।

**सिनेमा नबुझेकाहरुको प्रवेशले जस्तो पायो त्यस्तो चलचित्र बनाउँदा नेपाली सिनेमाको स्तर खस्केको भन्छन् नि ?**

सिनेमा नबुजेकाहरुको प्रवेश जस्तो पायो त्यस्तै सिनेमा नीर्माण गरेर प्रदर्शन गर्दा सिनेमा क्षेत्रमा नराम्रो असर पर्नु, सिनेमाको स्तर खस्किनु स्वभाविक हो । त्यस्तो विषयमा चाहिँ सम्बन्धित निकायले चासो दिने हो र चलचित्र विकास बोर्डले अनुगमन गर्नुपर्छ ।

**अहिलेको अवस्थामा सिनेकर्मीले सोच्नु पर्ने मुख्य कुरा चाहिँ के हुन सक्छ ?**

अहिले सिनेकर्मीले सोच्नु पर्ने मुख्य कुरा कसरी कोभिड र डेंगुबाट सुरक्षित हुने र चलचित्र प्रदर्शनको विकल्पहरु के के हुन सक्छन् त्यस कुरामा कार्यक्रम आयोजना गर्ने तथा सबैलाई उस्तै पीडा छ भनेर बुझ्ने, एक अर्कालाई सकेको सहयोग गर्ने धेरै चिन्ता नलिने । समय हो बदलिन्छ भन्ने सोचेर अगाडि बढ्न सक्नु पर्छ ।

**अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

मलाई यो स्थानसम्म पुग्न साथ र सहयोग गर्नुहुने सबैप्रति नमन् । यो अवसरका लागि मध्यान्ह दैनिक परिवारलाई धन्यवाद । विजय दशमी २०७९ को सबैमा

# गायिका देशारको ‘सिमानै काटेर’




**काठमाडौं/मस–** आफ्नो मान्छे सधैं आफैंसँग रहिरहोस् भन्ने चाहना कसलाई हुँदैन र ? तर यस्तो चाहना हुँदा हुँदै पनि नचाहेर छुटिनु पर्ने बाध्यता र परिस्थितिको पीडा सहन निकै गाह्रो हुन्छ । यस्तै पीडालाई गीतमार्फत उतार्ने प्रयास गरिएको कर्णप्रिय गायिका शशि पुन देशारको गीत 'सिमानै काटेर' बजारमा आएको छ ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल ललितपुर जिल्ला समितिकी महिला उपाध्यक्ष समेत रहेकी गायिका तथा मोडल देशारको आफ्नै लय, शब्द र स्वरमा सजिएको गीत सिमाना काटेर बजारमा आएको हो ।

गायिका देशारले आफ्नै अफिसियल युट्युब च्यानलमार्फत यसै साता उक्त गीत सार्वजनिक गरेकी हुन् । गीतमा वैदेशिक रोजगारीको बाध्यता र विछोडको पीडाको वास्ताविक घटनालाई समेट्ने प्रयास गायिका देशारले गरेकी छन् ।

मनोज खड्काको एरेञ्ज, मिक्सिङ तथा मास्टरिङ रहेको उक्त गीत रीमा रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको हो । गीतका निर्माता नरेश देशार हुन् भने छायांकन तथा सम्पादन मिराज अर्यालको रहेको छ ।

# नालापानी’मा अंग्रेज फौजलाई हराउने नेपाली वीरताको कथा

**काठमाडौं/मस–** रिमेश अधिकारी निर्देशित फिल्म ‘नालापानी’को टिजर सार्वजनिक भएको छ । विहीवार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको १ मिनेट ४१ सेकेन्ड लम्बाईको टिजरमा मेकिङ क्वालिटी उच्च छ । अंग्रेजी फौजसँग नेपालीहरुले लडेको युद्धलाई देखाइएको टिजरमा ब्याकग्राउन्ड स्कोर र युद्धका सिन प्रशंसनीय छ । दर्शकलाई फिल्मप्रति कौतुहलता र उत्सुकता जगाउन सक्ने ल्याकत टिजरमा देखिन्छ ।

सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गरेका वीर बलभद्र कुँवरले लडेको ऐतिहासिक लडाईंलाई आधार बनाएर फिल्म निर्माण भएको हो । टिजर रिलिज कार्यक्रममा निर्देशक अधिकारीले अहिले र आगामी पुस्तालाई पिता-पुर्खाले देशलाई कसरी कसैको बन्दक हुनबाट बचाएका थिए भन्ने सन्देश फिल्मले दिने बताए ।

चलचित्र विकास बोर्डले दुई वर्ष अगाडि विशेष चलचित्र घोषित गरेको ‘नालापानी’को रिसर्च तथा लेखन रिमेश अधिकारी र कृष्ण आचार्यले गरेका हुन् । प्रा. डा. धनराज कुँवर र रामराजा कुँवरद्वारा लिखित ‘नालापानीका नायक वीर बलभद्र’ पुस्तकमा आधारित रहेर इतिहासविदहरू प्रा. डा. धनराज कुँवर, प्रा. डा. त्रिरत्न मानन्धर, प्रा. दिनेशराज पन्त, प्रा. डा. सुरेन्द्र केसी, पूर्व सहायक रथि डा. प्रेम सिंह बस्न्यातहरूसँग पटक पटक छलफल गरि नेपाली सेनाले प्रकाशित गरेको पुस्तक ‘सैनिक इतिहास’लगायतका पुस्तकमा आधारित रहेर ‘ नालापानी’ तयार पारिएको हो ।

फिल्ममा देशभक्त खनाल, अर्जुनजंग शाही, सन्तोष पन्त, मनोज शाक्य, बिशाल पहारी, विजय बिष्फोट, पूजना प्रधान, गीता अधिकारी, महाविर विश्वकर्मा, ईशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, शारिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक बर्तौला, विशाल श्रेष्ठ, शहिना भट्टराई, गीत बिष्ट, युगजंग कार्की, सिमन खड्का, सुशील खडका (डेभिड), बाल कलाकार तेजस्वी गुरुङ, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया साथै विदेशी कलाकारहरू एन्ड्रोइन डंकन, रेचल मोलेस, पल विकिन्सन र सामलगायतको अभिनय छ । रिमेश अधिकारी फिल्म प्रोडक्सन, वीर गोर्खाली फिल्मस, गंगा नारायण फिल्म प्रोडक्सन र बिजी बी इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण फिल्ममा भिएफएक्स अच्युत गजुरेल, छायांकन राम शरण उप्रेती, सम्पादन बिपिन मल्ल, द्वन्द्व निर्देशन रोशन श्रेष्ठ, नृत्य निर्देशन कबिराज गहतराज, संगीत डिजे एलेक्स र सुजिल कर्माचार्यको रहेको छ ।

**कानेपोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बयरवन, मोरङ**
**१ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०७९/०६/०९ गते**

यस गाउँपालिकाबाट प्रकाशित E–Bidding सूचना वमोजिम को लागि बिधुतिय वोलपत्र प्रणाली मार्फत दाखिला भएका वोलपत्रहरुमध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ वमोजिम न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभाग्राहि देखिएको देहायको वोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ वमोजिम स्वीकृत गर्ने आशयको सूचना जारी गरिन्छ । यस सूचनामा चित्त नबुझ्ने कुनै वोलपत्रदाता भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ वमोजिम यस आशयको सूचना जारी भएको मितिले ७ दिन भित्र पुनरावलोकनका लागि निवेदन पेश गर्नुहुन अन्यथा उक्त ऐनको दफा २७ वमोजिम वोलपत्र स्वीकृत हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल :**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता | कबोल अङ्क (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | KRM/SQ/01/ GOODS/079/80 | SUPPLY OF MEDICINE AT KANEPOKHARI RURAL MUNICIPALITY, BAYARBAN, MORANG | CHUNCHUN PHARMACY, RAMGHAT-10, POKHARA | 16,28,214.18 |

**प्रमुख प्रशासकीय अधिकृत**

**शे–फोक्सुण्डो गाउँपालिका**
ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
**गाउँ कार्यपालिकाको कार्यालय**
**साल्दाङ, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

**लेखा परीक्षक सुचिकृत हुने सम्वन्धमा**

**प्रथम पटक सुचना प्रकाशित मिति २०७९।०६।०९**

यस शे-फोक्सुण्डो गाउँपालिका अन्तर्गतका विद्यालयहरुको आर्थिक वर्ष २०७८।०७९ को लेखा परीक्षण गर्नका लागी शिक्षा नियमावली, २०७५ को नियम ८८ बमोजिम लेखा परीक्षण गर्नुपर्ने भएकोले मान्यता प्राप्त रजिष्टर लेखापरीक्षकहरुलाई आवश्यक कागजातहरु सहित यो सुचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा सुचिकृत गर्नहुन जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# राष्ट्रिय खेलकुदको ट्रफी विराटनगरमा

**काठमाडौं / मस-** राष्ट्रिय खेलकुदको ट्रफी टुर प्रदेश नं १ को विराटनगरमा शनिबार गरिएको छ। विराटनगरस्थित शहिद रंगशालामा प्रदेश १ का मुख्य मन्त्री राजेन्द्रकुमार राईले ट्रफी प्रदर्शन गरेका थिए।



राष्ट्रिय खेलकुदको नवौं संस्करण गण्डकी प्रदेशमा असोज २८ गते देखि कात्तिक ३ गते सम्म सञ्चालन हुनेछ। राष्ट्रिय खेलकुदको ट्रफी टुर पहिलो पटक गरिएको हो। ट्रफी प्रदर्शनी गर्दा ट्रफी टुर कार्यदलका संयोजक ओलम्पियन दीपक विष्ट तथा सदस्य नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, राष्ट्रिय महिला भलिबल टिमकी कप्तान अरुणा शाही र अल्ट्रा धाविका मिराको पनि उपस्थिति थियो।

ट्रफी प्रदर्शनीका क्रममा खेलाडीका लागि प्रदेश सरकारले कन्जुस्याइ नगर्ने उल्लेख गर्दै नवौं राष्ट्रिय खेलकुद सफलताका लागि प्रदेश टोलीलाई शुभकामना दिए। प्रदेश १ का सामाजिक तथा खेलकुद मन्त्री राजन राईले नवौं राष्ट्रिय खेलकुदमा पदक विजेता खेलाडीलाई विगतमा भन्दा पुरस्कार रकम बढ्ने जानकारी दिए।

प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंसराज वाग्लेले ३५ खेलमा ७ सय ६ खेलाडी तथा प्रशिक्षक र व्यवस्थापक गरि ८ सय २० जनाको सहभागिता रहने जानकारी दिए। भदौ २८ गतेदेखि असोज ८ गते सम्म भएको प्रदेश छनोटमा ४ हजार १ सय ५२ खेलाडीको सहभागिता रहेको वाग्लले बताए।

ट्रफीलाई असोज ९ गते सशस्त्र प्रहरी बल (एपीएफ) को हल्चोकस्थित मुख्यालय, असोज ११ गते कर्णाली प्रदेशको सुर्खेत र असोज १३ गते मधेश प्रदेशको रामजानकी मन्दिर पुऱ्याइने छ। अन्तिममा ट्रफीलाई राष्ट्रिय खेलकुदको मुख्य आयोजना स्थल पोखरामा पुऱ्याइने छ। नवौं राष्ट्रिय खेलकुद असोज २८ देखि कात्तिक ३ गतेसम्म हुँदै छ।

यसअघि ट्रफीलाई सुदूरपश्चिमको धनगढी, लुम्बिनी प्रदेशको बुटवल र बागमती प्रदेशको हेटौंडा, नेपाली सेना र नेपाल प्रहरीको मुख्यालयमा प्रदर्शन गरिएको थियो।

# डा. कोइरालाले जिते 'उज्ज्वलतारा दौड'को पुरस्कार

**काठमाडौं / मस-** वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले शनिबार काँडाघारीमा सम्पन्न 'छैठौं उज्ज्वलतारा दशौं रन फर गुड हेल्थ' दौडको पुरस्कार जितेका छन्।

उज्ज्वल तारा स्कुल काँडाघारीले आयोजना गरेको ५ किलोमिटर दुरीको सो दौडको उद्घाटनका विशिष्ट अतिथि र दौडका प्रतिस्पर्धी समेत रहेका डा.कोइराला ५५ वर्ष उमेर माथि समूहको पुरुषतर्फको विधामा तेस्रो भएका हुन्। उनले आफ्ना उमेर समूहका २७ प्रतिस्पर्धीलाई उछिनेर तेस्रो भई पदक, ट्रफी र प्रमाणपत्र पाए।

विजेता डा. कोइरालालाई गल्फ खेलका गुरु घनश्याम थापा, दौड कार्यक्रम संयोजक नेपाली सेनाका महासेनानी विष्णु कार्कीले पुरस्कार वितरण गरेका थिए भने विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष गायत्री कार्कीले फूलको विरुवा सहितको गमला उपहार प्रदान गरिन्।

आफैं वरिष्ठ मुटुरोग विशेषज्ञ रहेका डा. कोइरालालाई ह्याम्स अस्पतालले प्रदान गरेको ८ हजार रुपैयाँ बराबरको मुटुरोग परीक्षण प्याकेज पनि पुरस्कार पाए।

सो विधामा पुरुषतर्फ ज्ञानकृष्ण श्रेष्ठ पहिलो र रुद्र नगरकोटी दोस्रो भएका थिए। सोही समूहको महिलातर्फ मीनाकुमारी मगर पहिलो, सावित्रा रायमाझी दोस्रो र कल्पना आचार्य तेस्रो भइन्।

# नागेश्वर र राममायालाई प्लस टू रनको उपाधि

**काठमाडौं / मस-** प्लस टू फाइभ के रनको उपाधि नेपाल पुलिस क्लबका नागेश्वर अहिर र श्री गंगा माबि, जुम्लाकी राममाया बुढाले जितेका छन्।




त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार आयोजित प्रतियोगितामा नागेश्वरले पुरुष र राममायाले महिलातर्फको उपाधि जितेका हुन्।

पुरुषतर्फको उपाधि जित्ने क्रममा नागेश्वरले ५ किमिको दूरी १५ मिनेट १५.१ सकेन्डमा पूरा गरे।

पुलिसकै सन्तोषनाथ योगी १५ मिनेट २४.५ सेकेन्डको समय निकाल्दै दोस्रो भए। श्री रत्न चौडनेश्वर माबिका प्रकाश कठायत १५ मिनेट ३४.८ सेकेन्डको समय निकाल्दै तेस्रो भए।

पुरुषतर्फ संजय नेपाली चौथो, विश्वराम कुँवर पाँचौं र किरण लिम्बु छैटौं भए। मिङमार सिंगी तामाङ सातौं, अर्जुन राई आठौं, आशिष कुँवर नवौं र अभिराज राई दशौं स्थानमा रहे।

महिलातर्फको उपाधि जित्ने क्रममा राममायाले १९ मिनेट १८.३ सेकेन्डमा दूरी पूरा गरिन्।

एनआरएस स्पोर्ट्स फाउन्डेसनकी अन्जु खड्का १९ मिनेट ५८.८ सेकेन्डको समय निकाल्दै दोस्रो भईन्। ओहारा कार्कीले २० मिनेट १८.४ सेकेन्डमा दूरी पूरा गर्दै तेस्रो स्थान हासिल गरिन्।

यस्तै सरस्वती बोहरा, सोनु घतानी, अनुजा कार्की, सरिता रम्तेल, रेस्टिना सिटीखु, शेर्बी महर्जन र उर्जा मधिकर्मी क्रमशः चौथोदेखि दशौं स्थानमा रहे।

दुवै विधाको विजेताले ट्रफी, मेडलसहित ५० हजार रुपैयाँ, दोस्रोले ३० हजार र तेस्रो हुनेले १५ हजार रुपैयाँ प्राप्त गरे। यस्तै चौथोले १० हजार, पाँचौले ५ हजार र छैटौदेखि दशौंसम्म स्थान हासिल गर्ने खेलाडीलाई जनही २ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन्। सहभागी सबै खेलाडीलाई प्रमाण पत्र प्रदान गरिएको थियो।

कखरा इभेन्टको आयोजना र एथलेटिक्स परिवार नेपालको संचालनमा भएको प्रतियोगिताका विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद (राखेप) का उपाध्यक्ष शिव कोइरालालगायतले पुरस्कृत गरेका थिए।

उमेर समूहको एथलेटिक्सका खेलाडीलाई लक्षितगर्दै आयोजना गरिएको प्रतियोगितामा २ सय ५० खेलाडीले सहभागिता जनाएको एथलेटिक्स परिवार नेपालका अध्यक्ष राजन खत्रीले जानकारी दिए।

# जुरेलीद्वारा भारतीय पुरुष रेस्लर पराजित

**काठमाडौं / मस-** नेपालकी अस्मिता जुरेलीले अन्तर्राष्ट्रिय रेस्लिङ प्रतियोगिता शनिबार भारतीय पुरुष रेस्लरलाई पराजित गरेकी छन्।

नेपाल महिला रेस्लिङ फाउन्डेसनद्वारा आयोजित प्रतियोगतामा जुरेलीले भारतका कपालीलाई सिंगल्स म्याचमा पराजित गरेको आयोजककी अध्यक्ष भगवती खड्काले जनाएकी छन्।

विजयादशमी तथा तिहारको उपलक्ष्यमा भृकुटिमण्डपमा भएको प्रतियोगिताको रोयल नम्बर म्याचमा नेपाली ब्रोले अमेरिकाका जेबी पुनलाई हराए।

सिंगल्स म्याचमै पाकिस्तानका कल्हा अलीले नेपालका कृष्ण मगर तथा भारतका अमित दलहाले नेपालका अभिराज सिंहलाई पन्छाए। पाकिस्तानका शेर खान र नेपालका हिक्मत थपलिया (स्कोरपियो) बीचको खेल रद्द गरिएको अध्यक्ष खड्काले जानकारी गराइन्।

एकदिने प्रतियोगितामा नेपालबाट एक महिलासहित ५, अमेरिकाबाट १ तथा भारत र पाकिस्तानबाट २-२ गरी १० रेस्लर सहभागी थिए।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०६/०९**

**दोलखा चौरी पालन प्रा.लि.**को मिति २०७८/०९/०५ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **खावा कृषि फार्म प्रा.लि. (प्रा. लि.नं.: १०८४२१)**कायम गर्ने गरी मिति २०७८/०९/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त एयरपोर्ट, काठमाडौं स्थित यस **रसुवा ओभरसिज प्रा. लि. (श्रम इजाजत नं. ११३०/०७३/०७४)** मा **पि.आर.ओ.** पदमा कार्यरत नागरिकता नं. ९३८३२, **कान्छामान लो (सुरेश)**लाई मिति २०७९/०६/०७ गते यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

श्रम इजाजत नं. ११३०/०७३/०७४

**रसुवा ओभरसिज प्रा. लि.**

एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९

E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com, Web.: www.rasuwaoverseas.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०६/०९**

**अल्पाईन ओभरसिज कन्सर्न प्रा.लि.** को मिति २०७०/०२/०४ गते मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी Morgen Global H.R. Consultancy **(प्रा. लि. नं.: १५५३४)**, कायम गर्ने जारी गरिएको मिति २०७०/०४/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मलेसियामा रोजगार ।** कम्पनी: **HWG SECURITY SERVICES SDN BHD**
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०६/०७ | चलानी नं.: ६०१८८२६२ | L.T. No.: 272608

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 37 | 0 | स. काममा दक्ष | 1500 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १६ गते (2 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

**एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.**

Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np

Talk with AMC Representative: 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

**Province Government**

**Ministry of Road Infrastructure and Urban Development**

**Transport Infrastructure Directorate**

**Infrastructure Development Office**

**Sankhuwasabha**

## Invitation for e - Bid

**First Date of Publication: 2079/06/09 (September 25, 2022)**

1. Infrastructure Development Office, Sankhuwasabha invites open competitive biddings (Single Stage - Single Envelope e–bids) from eligible bidders for following works under NCB Procedures. For Detail of works please visit www.boalpatra.gov.np/egp.

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimated Amount (NRs.) with VAT & PS | Completion Time | Bid Security Amount (NRs.) | Bid Validity Period | Bid Security Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDOSANK/ 337010124/ ROAD/03-079/80 | Maintenance of Naradhe–Tiger chowk–Rithe Road, Panchkhapan Municipality | 24,46,573.08 | For each contract 2080/02/32 | 66,400.00 | 90 days from deadline for submission of Bids | 120 days from deadline for submission of Bids | For each contract @ 3000 only |
| 2 | IDOSANK/ 337010124/ ROAD/04-079/80 | Maintenance of Bihibare–Bhaisi Chowk–Chunkhurung–Pokhrang–Ward no 9 Road, Panchkhapan Municipality | 24,08,680.53 | | 66,300.00 | | | |
| 3 | IDOSANK/ 337911464/ ROAD/05-079/80 | Maintenance of Healthpost–Gumba–Milanchowk Road, Panchkhapan Municipality ward no. 6 & 5 | 93,46,341.58 | | 2,57,000.00 | | | |
| 4 | IDOSANK/ 337010124/ ROAD/06-079/80 | Maintenance of Waling Khola–Mul Kharka–Ghale Gau–Mawadin Road, Madi Municipality | 24,12.952.86 | | 66,400.00 | | | |
| 5 | IDOSANK/ 337010124/ ROAD/07-079/80 | Maintenance of Manglaware Chauki- Mahabhir–Mudhe Sanischare Road, Dharmadebi Municipality | 57,89,113.83 | | 1,60,000.00 | | | |
| 6 | IDOSANK/ 337010124/ ROAD/08-079/80 | Maintenance of Bhandarimod (Chainpur 7)–Dangali Gau (Chaipur 8)–Kingring (Chaipur 11) Road, Chainpur Municipality | 48,64,824.35 | | 1,33,500.00 | | | |
| 7 | IDOSANK/ 337010124/ ROAD/09-079/80 | Maintenance of Chainpur–Barhabise (Chainpur–Hewa Section) Road, Chainpur Municipality | 1,08,03,957.76 | | 2,97,000.00 | | | |
| 8 | IDOSANK/ 337010124/ ROAD/10-079/80 | Maintenance of Suntali Bari–Ratmate–Hewa khola Road, Chainpur Municipality 11 | 24,90,144.66 | | 68,400.00 | | | |
| 9 | IDOSANK/ 337010124/ ROAD/11-079/80 | Maintenance of Khandbari–Sabha Khola Road (Barpipal Dakshin Kuwakhawa Section) Khandbari Municipality | 29,90,158.92 | | 82,000.00 | | | |
| 10 | IDOSANK/ 337010124/ ROAD/12-079/80 | Maintenance of Dadapanma–Chiplegau–Malta Road, Khandbari Municipality | 24,96,202.59 | | 68,500.00 | | | |
| 11 | IDOSANK/ 337911464/ ROAD/13-079/80 | Maintenance of kartikeghat–Salpapokhari–Solukhumbu Road, Khandbari Municipality | 19,99,734.70 | | 55,000.00 | | | |
| 12 | IDOSANK/ 337010124/ ROAD/14-079/80 | Maintenance of Khandbari–pathakgau-Badreni Road, Khandbari Municipality | 24,86,426.98 | | 68,000.00 | | | |
| 13 | IDOSANK/ 337010124/ ROAD/15-079/80 | Maintenance of Bridge along Khandbari–Kalchebesi–Dhopu Road, Khandbari Municipality | 24,78,708.02 | | 68,000.00 | | | |
| 14 | IDOSANK/ 337010124/ ROAD/16-079/80 | Maintenance of Khandbari–Kalchedake–Barhabise Sabhapokhari Road, Khandbari Municipality | 57,97,187.61 | | 1,59,000.00 | | | |
| 15 | IDOSANK/ 337010124/ ROAD/17-079/80 | Maintenance of Sarkidada–Pathakgau–Ramche–Guwabari Road, Khandbari Municipality | 24,96,891.13 | | 68,600.00 | | | |

2. Date of Purchasing, Pre-bid meeting, Submission and Opening of Bids:

| Last Date of Purchasing of Bids | Pre-bid meeting | Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to deposit Cash for the Bid Security |
|---|---|---|---|---|---|
| On or Before November 1, 2022 (2079/07/15) Office hour | October 19, 2022 (2079/07/02) at 14:00 hours at Office. | On or Before November 2, 2022 (2079/07/16) at 12:00 hours | On November 2, 2022 (2079/07/16) at 13:00 hours | Office code: **3370104011** Bank: **Rastriya Banijya Bank** Revenue Account: **1000200010000** Revenue head no:**14229** | Office code: **3370104011** Bank: Rastriya **Banijya Bank Khandbari Branch** Account No: **2080100202030000** (Kolenika, Sankhuwasabha) |

3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPPR, PPA and PPR.

**Office Chief**

# एनसीसी र कुमारीबीचको मर्जर अन्तिम चरण




**काठमाडौं/मस-** एनसीसी र कुमारी बैंकका सञ्चालकहरु मर्जर सम्झौताका लागि अन्तिम गृहकार्यमा जुटेका छन् । नेपाल राष्ट्र बैंकबाट मर्जरमा जान निर्देशन दिएअनुसार बैंकका सञ्चालक अन्तिम गृहकार्यका हुन् । दुई साता अघि मात्रै राष्ट्र बैंकले मर्जरमा जान निर्देशन गरेको थियो ।

मर्जरमा जान गृहकार्यमा जुटेका दुई बैंकले मर्जर पछिको बैंकको नाम, अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत (सीईओ)समेतको टुंगो लगाएका छन् । दुई बैंकका सञ्चालकबीच मर्जर पछिको नाम कुमारी बैंक नै राख्ने सहमति भएको छ । मर्जरपछिको नाम कुमारी राखिएपनि अध्यक्षमा एनसीसी र प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा एनसीसीकै हुनेगरि सहमति भएको छ ।

बैंकहरुमा सबैभन्दा पेचिलो बन्ने स्वाप रेसियोको बारेमा दुई बैंकबीच करिब-करिब सहमति भइसकेको छ । नाफा र दोस्रो बजारमा भएको कारोबारलाई आधार मानी दुई बैंकबीच १००:९० को अनुपातमा स्वाप रेसियो तय गर्ने तयारी भएको छ । जसमा कुमारी १०० र एनसीसी ९० हुनेछ । तथापी डीडीए रिपोर्ट पछि मात्रै अन्तिम रूप दिइनेछ ।

हाल कुमारी बैंक लिमिटेडको दोस्रो बजारमा १८५ रूपैयाँमा प्रतिकित्ता कारोबार भएको छ । बैंकको एक वर्षअगाडि ३५८रूपैयाँ सम्म कारोबार भएको थियो ।

बैंकको समीक्षा अवधिमा बैंकको खुद ब्याज आम्दानी २५.६७ प्रतिशत बढेको छ भने खुद फि तथा कमिसन आम्दानी ४.४८ प्रतिशत बढेको छ । त्यसैगरी, बैंकको कुल सञ्चालन आम्दानी ४५.८१ प्रतिशत बढेको छ भने सञ्चालन मुनाफा ३२.६८ प्रतिशत बढेको छ । असार मसान्तसम्ममा बैंकको वितरण योग्य मुनाफा १ अर्ब ७७ करोड ३९ लाख रूपैयाँ रहेको छ ।

यस्तै, एनसीसी बैंकको दास्रो बजारमा १९० रूपैयाँमा कारोबार भएको छ । बैंकको एक वर्षअगाडि ३३४ रूपैयाँसम्म पुगेको सेयर मूल्य दुईवर्षयताकै सस्तो मूल्य भएको छ । खुद ब्याज आम्दानी र सञ्चालन मुनाफा बढेसँगै बैंकको नाफा उल्लेख्य बढ्न पुगेको हो ।

समीक्षा अवधिमा बैंकको खुद ब्याज आम्दानी ३१.९३ प्रतिशत बढेको छ भने खुद फि तथा कमिसन आम्दानी ५३.४५ प्रतिशत बढेको छ । त्यसैगरी, बैंकको कुल सञ्चालन आम्दानी २४.५८ प्रतिशत र सञ्चालन मुनाफा ३९.१७ प्रतिशत बढेको छ । असार मसान्तसम्ममा बैंकको वितरण योग्य मुनाफा १ अर्ब ४७ करोड ४२ लाख रूपैयाँ रहेको छ । दुवै बैंकले पुस मसान्तमै एकीकृत कारोबार गर्नेगरी प्रक्रियासमेत अगाडि बढाएका छन् ।

## टेलिकमको दशैं अफर:
# सस्तोमा डेटा र भ्वाइस प्याक




**काठमाडौं/मस-** नेपाल टेलिकमले नेपालीहरुको महान पर्वका अवसरमा आइतरबारदेखि विभिन्न डाटा र भ्वाइस प्याक तथा रिचार्ज गर्दा बोनससहितको दशैं अफर उपलब्ध गराउने भएको छ । उक्त अफरहरु दशैंका अवसरमा असोज ९ गतेदेखि असोज २३ गतेसम्म उपलब्ध हुनेछन् ।

डाटा प्याकअन्तर्गत २९४ रुपैयाँमा २० जीबी डाटा १० दिनभित्र र ९८ रुपैयाँमा ६ जीबी डाटा ३ दिनभित्र प्रयोग गर्न सकिने अफर उपलब्ध हुनेछ । त्यसैगरी, १ दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने १ एमबीपीएसको डाटा प्याक र अननेट अनलिमिटेड भ्वाइस प्याक जम्मा ४९ रुपैयाँमा उपलब्ध हुनेछ । यी प्याकहरु जुनसुकै समय प्रयोग गर्न सकिन्छ ।

यसैगरी अफर प्राप्त हुने अवधिमा एमपोसमार्फत रिचार्ज गर्दा बोनसको रुपमा डाटा प्याक उपलब्ध गराइने छ । २०० रुपैयाँदेखि ४९९ रुपैयाँसम्म रिचार्ज गर्दा २ दिनभित्र प्रयोग गर्न सकिने ५०० एमबी र ५०० रुपैयाँभन्दा बढीको रिचार्ज गर्दा ४ दिनभित्र प्रयोग गर्न सकिने १,०२४ एमबी डाटा प्याक उपलब्ध हुनेछ ।

# हाईल्याण्ड डिस्टिलरीले ल्यायो 'यति भोड्का'




**काठमाडौं/मस-** अल्ट्रा प्रिमियम ह्विस्की बन्दीपुर र गोर्खाज एण्ड गनका निर्माताले बहुप्रतिक्षित 'यति भोड्का' बजारमा ल्याएका छन् । यति भोड्का एक अद्वितीय, गैर-परम्परागत बोतल र फंकी लेबलमा उपलब्ध रहेको छ । आकर्षक विज्ञापन तथा प्रचार तथा बनोटसमेतले उपभोक्ताको ध्यान खिच्ने कम्पनीले विश्वास लिएको छ ।

कम्पनीका प्रवक्ता भन्छन्, ' बन्दीपुर र गोर्खाज एण्ड गनको सफलतापछि हामी आधुनिक नेपाली उपभोक्तालाई उच्च गुणस्तरको स्पिरिटसहितको भोड्का उपलब्ध गराउन चाहन्थ्यौं । यति भोड्का कुनै पनि अन्तर्राष्ट्रिय भोड्काभन्दा कम गुणस्तरको छैन ।' यती भोड्का स्विट्जरल्याण्डबाट पेटेन्ट गरिएका प्रविधिहरूसँग अतुलनीय सहजताका लागि चार गुणा डिस्टिल्ड र ट्रिपल प्लेटिनम फिल्टर गरिएको कम्पनीले जनाएको छ ।

यतिले देशका सबै प्रमुख बजारमा ३ साइज, ७५० एमएल, ३७५ एमएल र १८० एमएल क्रमशः २,२००, १,१०० र ५५० रुपैयाँमा उपलब्ध गराएको बताएको छ ।

# इसेवाबाट पैसा पठाउँदा उपहार

**काठमाडौं/मस-** इसेवाले विदेशबाट घरपरिवार तथा आफन्तलाई पैसा पठाउँदा काठमाडौंमा घर उपहार जित्न सकिने अफर ल्याएको छ । डिजिटल माध्यमबाट संसारका २०० भन्दा बढी देशबाट नेपालमा रेमिट्यान्स भित्र्याउँदै आएको अग्रणी डिजिटल रेमिट्यान्स कम्पनी इसेवा मनी ट्रान्सफरले 'मेरो डिजिटल देश' अफर ल्याएको हो ।

डिजिटल माध्यमबाट रेमिट्यान्स पठाउँदा लाग्ने सेवा शुल्क पनि कम्पनीले कम गरेको छ । मुख्य कार्यालय ललितपुरको पुल्चोकस्थित एफवन सफ्ट टावरमा पत्रकार सम्मेलन गर्दै इसेवा मनी ट्रान्सफरले यो अभियान सार्वजनिक गरेको हो ।




यो अभियान असोज ७ बाट सुरु भएर आगामी फागुन ६, सम्म रहने कम्पनीले जनाएको छ । परम्परागत शैलीमा हुँदै आएको रेमिट्यान्स कारोबारलाई डिजिटाइजेसन गर्ने अभिप्रायका साथ यो अभियान सुरु गरिएको हो ।

साथै, यस योजनामार्फत डिजिटल रेमिट्यान्सलाई थप बढावा दिन देशको आर्थिक स्थिति बलियो बनाउन र देशमा विदेशी मुद्राको सञ्चितलाई थप मजबुत बनाउनका लागि पनि ६ महिने योजना सार्वजनिक गरिएको, कम्पनीले जनाएको छ ।

यो अभियानअन्तर्गत संसारका कुनै पनि मुलुकमा रहेका नेपालीले, नेपालमा इच्छाएको व्यक्तिको बैंक खाता वा ६० लाखभन्दा बढी प्रयोगकर्ता भएको इसेवा वालेटमा पैसा पठाई सहभागिता जनाउन सक्नेछन् । विदेशबाट इसेवा मनी ट्रान्सफरमार्फत आएको नगद रेमिट्यान्स आफ्नो इसेवा वालेटमा प्राप्त गरेर यस योजनामा जो कोहीले पनि सहभागिता जनाउन सक्ने कम्पनीले जनाएको छ ।

यो अभियानमा मासिकरूपमा १ जनाले ६ महिनासम्म आकर्षक पुरस्कारहरुको प्याकेज तथा बम्परमा १ जनाले काठमाडौंमा सुविधा सम्पन्न घर प्राप्त गर्ने छन् । इसेवा मनी ट्रान्सफरका जनरल मेनेजर सागर खनालले आर्थिक विकासबिना कुनै पनि राष्ट्र समुन्नत नबन्ने भएकाले यो अभियान ल याइएको बताए ।

# सिद्धार्थ बैंकबाट अनलाइन कारोबार क्यासब्याक

**काठमाडौं/मस-** सिद्धार्थ बैंकले दसैंको बहार, क्यासब्याक उपहार योजना ल्याएको छ । डिजिटल बैंकिङ्गलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ, बैंकले असोज ८ गतेदेखि लागु हुने गरी उक्त योजना ल्याएको हो ।

यस योजना अन्तर्गत ग्राहकले यहि आश्विन ८ गते देखि १४ गतेसम्म बैंकको डेबिट कार्ड प्रयोग गरी पहिलो पटक पिओएस् अथवा अनलाइन कारोबार गर्दा २० प्रतिशत (अधिकतम २०० रुपैयाँ) क्यास ब्याक पाउन सक्ने छन् ।

यस योजनाले नगद भुक्तानीबाट डिजिटल भुक्तानी तर्फ आकर्षित गर्ने विश्वास बैंकले लिएको छ । आफ्ना ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न छुट तथा क्यासब्याक योजना दिंदै आएको र आगामी दिनहरुमा पनि यस्ता योजनाहरु निरन्तर लागु गर्दै जाने बैंकको योजना रहेको छ ।

**कैलाश गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिकाटार, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**उद्यम विकास सहजकर्ता (EDF) करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/०६/०९)**

प्रस्तुत बिषयमा आ.ब. २०७९/०८० मा कैलाश गाउँपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को ब्यवस्थित रुपमा कार्यान्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता (EDF) पद रिक्त रहेकोले उक्त पदको खुल्ला प्रतियोगितात्मक प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट करार सेवामा लिइ पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | उद्यम।०५।०७९।०८० | उद्यम विकास सहजकर्ता (EDF) | सहायकस्तर पाँचौ | १ |
| २ | उद्यम।०५।०७९।०८० | उद्यम विकास सहजकर्ता (EDF) | सहायकस्तर चौथो | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**
   (क) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा
   (ख) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
   (ग) प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टि.एस.एल.सी) उत्तीर्ण गरेको ।
   (घ) आधारभुत कम्प्युटर सीप भएकालाइ बिसेस ग्राहयता दिईने ।
   (ङ) उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२. **दरखास्त दिने स्थान:** कैलाश गाउँपालिकाको कार्यालय, कालिकाटार मकवानपुर । आवेदकहरुले इमेल (kailashrmadm@gmail.com) मार्फत PDF फाईल बनाई आवेदन दिन सक्नेछन् ।
३. **दरखास्त दिने म्याद** : २०७९/०६/२३ गते सम्म कार्यालय समय भित्र (२०७९/०६/२२ गते सार्वजनिक विदा परेको हुदा)
४. **आवेदन दस्तुर** : सहायकस्तर पाँचौको लागि रू. ५००/- (पाँच सय)
५. **आवेदन दस्तुर** : सहायकस्तर चौथोको लागि रू. ४००/- (चार सय)
६. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रम र अर्न्तवार्ता
७. **आवेदन दस्तुर बुझाउने खाता** : सानिमा बैंकको कैलाश शाखाको खाता नं. **०६५०१००२००००००२** (आन्तरिक राजस्व खाता)
८. **आवेदन साथ संग्लन कागजातहरु: (नोटः आवेदकले देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि आफैले प्रमाणित गरेको हुनुपर्ने)**
   - नागरिकता प्रमाणपत्र
   - शैक्षिक योग्यताका प्रमाणपत्र
   - अनुभव सम्बन्धी कागजात
   - २ प्रति पासपोर्ट साइजको फोटो
९. **सेवा सुविधाहरु:** गाउँकार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।
१०. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण (ToR) गाउँपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ ।
११. सम्पर्क नं. ९८४५२९३४५९ (सुचना प्रविधि अधिकृत) ९८५५०८८२६६ (प्रमुख प्रशासकिय अधिकृत) वेबसाईट : www.kailashmun.gov.np
१२. **परिक्षा मितिः दरखास्त सङ्कलन पछि सूचना गरिने छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Local Level**
**Musikot Municipality**
**Office of the Municipal Executive**
**Wamitaksar, Gulmi**

**Invitation for Bids**

**Date of publication: 2079/06/09 (2022-09-25)**

1. The Government of Local Level has allocated funds for the cost of below mentioned construction works and intends to apply part of the funds to cover eligible payments under the Contract .Bidding is open to all eligible as perSection V of bidding document
2. Musikot Municipality, Office of Municipal executive , Wamitaksar, Gulmi invites bids from eligible bidders for the construction of below mentioned works under National Competitive Bidding – Single Stage Bidding procedures.
3. A complete set of Bidding Documents may be purchased from the online portal of ppmo .

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank : Global IME Bank Name of Office : Musikot Municipality**
**Office Code no. : 365005212 Office Account no.: 07204010000004**
**Name of Account : Ga 1.1 Aantarik Rajaswa Musikot**
**Rajaswa (revenue) Shirshak no. : 14227 Bid Document Fee : NRs. 3000/-**

4. Bids submitted on or before 12:00 noon on 8 th day of karthik 2079 (oct 25 , 2022). Bids received after this deadline will be rejected.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 8 th day of karthik 2079 (oct 25 , 2022).). at the office of Musikot Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of NRs. 1,25,000 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. falgun 08 ,2079 BS or feb 22, 2023 AD).
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| SN | Goods pacakage contract no | Description of works | Bid amount | Bid security amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | : MMEB2/WORKS/ NCB/RC1/2078-79 | construction of road work (Wamitaksar- wamimaidan -arlankot-dadalk motorbato) | 3,000 | 1,25,000 | |
| 2 | MMEB3/WORKS/ NCB/RC2/2078-79 | onstruction of road work(Bhuwachidi-kurgha-malika-swara motorbato) | 3,000 | 1,25,000 | |

**Chief administrative officer**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**